छिटो र सर्वाधिक बिक्री हुने

# जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



वर्ष २८ • अंक ९५ • २०८३ साल भाद्र ७ गते आइतबार (23 August, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## सूचना आदान गर्न विशेष टोली गर्न नेपाल भारतबीच सहमति

**टुडे समाचारदाता**

जलेश्वर । नेपाल र भारतका सुरक्षा अधिकारीबीच महोत्तरीको जलेश्वरमा सीमा सुरक्षा तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने विषयमा समन्वयात्मक बैठक सम्पन्न भएको छ। बैठकमा सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रणसँगै दुवै देशका सुरक्षा निकायबीच सूचना आदानप्रदानलाई थप व्यवस्थित बनाउने सहमति भएको छ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार सीमा क्षेत्रमा हुँदै आएको संयुक्त गस्तीलाई थप स्थानमा विस्तार गर्ने र आपराधिक घटनासम्बन्धी सूचना तत्काल एकअर्कोका सुरक्षा निकायलाई उपलब्ध गराउने विषयमा बैठकमा सहमति जुटेको हो।

बैठकमा लागूऔषधको ओसारपसार, मानव तस्करी, अवैध हातहतियारको कारोबार तथा ओसारपसार, सीमा क्षेत्रमा हुने अन्य आपराधिक गतिविधि नियन्त्रण र सीमा स्तम्भको सुरक्षा तथा मर्मतसम्भारका विषयमा छलफल भएको थियो। साथै बाढी नियन्त्रण तथा सीमावर्ती क्षेत्रका सामाजिक समस्याबारे पनि दुवै पक्षबीच विचारविमर्श गरिएको जनाइएको छ।

### जनकपुरधाममा अतिक्रमणमुक्त अभियान शुरु

# गोरधोइबाट डोजर परिचालन, सात पोखरीको डिल खाली गराइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका ऐतिहासिक पोखरी, पोखरीका डिल तथा गुठी जग्गामा भएको अतिक्रमण हटाउने अभियान थालिएको छ । गुठी संस्थान तथा गुठी जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित समितिले पहिलो चरणमा पोखरीका डिलमा अनधिकृत रूपमा निर्माण गरिएका घर, टहरा तथा अन्य संरचना हटाउन शनिबारदेखि डोजर परिचालन गरेको छ । सो क्रममा पोखरीको डिलमा बनाइएको घर टहराहरु डोजर लगाएर भत्काइएको छ । तर सोही डिल अवस्थित पक्की महलमा भने डोजर नचलाइएको भन्दै स्थानीयले आक्रोशसमेत पोखेका छन् ।

अभियानको सुरुवात जनकपुरधामस्थित गिरनारी कुट्टी छेउमा रहेको गोरधोइ पोखरीको अतिक्रमित डिलबाट गरिएको छ । लामो समयदेखि पोखरीका डिल तथा आसपासको गुठी जग्गा कब्जा गरी विभिन्न संरचना निर्माण गरिँदै आएको भन्दै संस्थानले त्यस्ता संरचना हटाउने प्रक्रिया अघि बढाएको छ ।

पहिलो चरण अन्तर्गत शनिबार सात वटा पोखरीका डिलमा रहेका अतिक्रमित संरचना हटाइएको गुठी संस्थान जनकपुरले जनाएको छ ।

अतिक्रमण हटाउनुअघि सम्बन्धित व्यक्ति तथा संरचना धनीलाई सार्वजनिक सूचना जारी गरिएको थियो । संस्थानले जनाए अनुसार गत १ साउनमा सूचना प्रकाशित गरी अनधिकृत रूपमा कब्जा गरिएका गुठी जग्गा तथा पोखरीका डिल खाली गर्न आग्रह गरिएको थियो । त्यसपछि शुक्रबार जनकपुरधाम नगर क्षेत्रमा माइकिङ गर्दै अतिक्रमित संरचना हटाउन अन्तिम जानकारीसमेत गराइएको थियो ।

तर तोकिएको समयभित्र संरचना नहटाइएपछि डोजर प्रयोग गरी अतिक्रमण हटाउने काम सुरु गरिएको गुठी संस्थानका



प्रवक्ता जनक पोखरेलले जानकारी दिए ।

उनले पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण हटाउने काम चरणबद्ध रूपमा अघि बढाइने बताए ।

अभियान अन्तर्गत गोरधोइ पोखरीपछि विशहारा पोखरी, दशरथ तलाउ, अर्गजा सर, रत्न सागर, मुरली सर र दीर्घिका सरलगायत पोखरीका डिलमा रहेका अनधिकृत संरचना हटाइएको छ ।

सम्बन्धित समितिले यस अघि मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण क्षेत्र रेखांकन गरी सम्बन्धित व्यक्तिलाई स्वेच्छाले जग्गा खाली गर्न सूचना दिएको थियो । अन्य गुठी जग्गामा घरटहरा निर्माण गरी बसोबास गरिरहेका व्यक्तिका हकमा पनि क्षेत्र रेखाङ्कन गरी तोकिएको समयभित्र अतिक्रमण हटाउन आग्रह गरिएको थियो ।

समितिले जनाए अनुसार पोखरीका डिल खाली गराउने क्रममा कच्ची तथा पक्की दुवै प्रकारका संरचना हटाइनेछन् ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले अहिलेसम्म ३० वटा पोखरीको नापी सम्पन्न भइसकेको भन्दै अन्य बाँकी पोखरीको नापी तथा रेखांकनको काम पनि चाँडै पूरा गर्ने तयारी भइरहेको बताए ।

अतिक्रमण हटाउने अभियान पोखरीका डिलमा मात्र सीमित नरहने संकेत पनि स्थानीय तह र गुठी संस्थानले गरेका छन् । पोखरी संरक्षणको पहिलो चरणको काम सम्पन्न भएपछि राजगुठीअन्तर्गतका अन्य अतिक्रमित जग्गा पनि क्रमशः खाली गराउने तयारी रहेको उनले बताए ।

जनकपुरधाममा रहेका ऐतिहासिक पोखरी तथा मठ-मन्दिरसंग जोडिएको गुठी सम्पत्तिको संरक्षणलाई दीर्घकालीन रूपमा अघि बढाउने उद्देश्यले अभियान सञ्चालन गरिएको उनको कथन छ ।

गुठी जग्गा संरक्षण तथा अतिक्रमण हटाउने अभियान अन्तर्गत 'उच्चस्तरीय कार्यदलको प्रतिवेदन-२०६२ कार्यान्वयन समिति' को योजना अनुसार अघि बढाइएको छ । सरकारले गुठी जग्गाको संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न समयमा तयार गरेका प्रतिवेदन तथा सुझाव कार्यान्वयन गर्ने उद्देश्यले सम्बन्धित निकायबीच समन्वय गरेर अभियान अघि बढाइएको जनाइएको छ ।

यसअघि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेतको पहलमा बृहत्तर जनकपुर क्षेत्रभित्र रहेका गुठी जग्गाको संरक्षण तथा अतिक्रमण हटाउन ११ सदस्यीय टोली गठन गरिएको थियो ।

टोलीको संयोजकमा गुठी प्रशासक शैलेशराज कुँवर रहेका छन् । टोलीमा जिल्ला प्रशासन कार्यालय धनुषाका प्रतिनिधि, जिल्ला समन्वय समिति धनुषा, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, भूमि प्रशासन कार्यालय धनुषा, नापी कार्यालय धनुषा, गुठी संस्थान शाखा कार्यालय धनुषा, जनकपुरधाम उपमहानगरपालिका तथा मधेश प्रदेश सरकारका सम्बन्धित मन्त्रालयका प्रतिनिधि सहभागी छन् ।

अतिक्रमण हटाउने अभियान थालिएपछि जनकपुरधामका कतिपय स्थानीयमा भने अन्योल र त्रास देखिएको छ ।

# रजिस्ट्रार नहुँदा बजेटविहीन बन्यो राजर्षि जनक विश्वविद्यालय

**टुडे समाचारदाता**

जनकपुरधाम । उपकुलपति नियुक्त भएको डेढ महिना बितिसक्दा पनि रजिस्ट्रारलगायत पदाधिकारी नियुक्त हुन नसक्दा राजर्षि जनक विश्वविद्यालय बजेटविहीन बनेको छ। पदाधिकारी अभावका कारण विश्वविद्यालयको सिनेट बैठक बस्न नसक्दा चालु आर्थिक वर्ष २०८३/८४ को बजेट पारित हुन सकेको छैन ।

सरकारले गत असार १९ गते विभिन्न विश्वविद्यालयमा उपकुलपति नियुक्त गरे पनि रजिस्ट्रार, रेक्टर तथा सभा सदस्य नियुक्त गर्न सकेको छैन । यसबाट राजर्षि जनक विश्वविद्यालयसहित नौ विश्वविद्यालयको आर्थिक तथा प्रशासनिक काम प्रभावित भएको छ । विश्वविद्यालयहरूमा अहिले निमित्त र कार्यवाहक पदाधिकारीमार्फत दैनिक प्रशासनिक काम सञ्चालन भइरहेको छ ।

राजर्षि जनक विश्वविद्यालयमा रजिस्ट्रारलगायत पदाधिकारी नियुक्त नभएकाले सिनेट बैठक बस्न सकेको छैन । विश्वविद्यालयको नीति तथा कार्यक्रम र बजेट सिनेटबाट पारित गर्नुपर्ने व्यवस्था भएकाले नयाँ आर्थिक वर्ष सुरु भइसक्दा पनि विश्वविद्यालयले बजेट ल्याउन सकेको छैन । बजेट पारित नहुँदा नियमित शैक्षिक, प्रशासनिक तथा विकाससम्बन्धी कार्यक्रम प्रभावित हुने अवस्था बनेको छ ।

पदाधिकारी नियुक्तिमा भइरहेको ढिलाइले विश्वविद्यालयको दीर्घकालीन नीति तथा कार्यक्रम निर्माणसमेत प्रभावित भएको छ । नयाँ शैक्षिक कार्यक्रम, प्रशासनिक निर्णय तथा आर्थिक दायित्वसँग जोडिएका महत्वपूर्ण विषयमा समेत निर्णय प्रक्रिया सहज हुन सकेको छैन ।

सरकारले गत वैशाखमा अध्यादेशमार्फत विश्वविद्यालयका उपकुलपतिदेखि रेक्टर, रजिस्ट्रार र सभा सदस्यसम्मका पदाधिकारी हटाएको थियो। त्यसपछि उपकुलपति नियुक्त भए पनि अन्य पदाधिकारी नियुक्त हुन नसकेका हुन् । सरकारले उपकुलपतिलाई आफ्नो नेतृत्वको टिम बनाउन जिम्मेवारी दिने बताउँदै आए पनि सिफारिस गरिएका नाममा निर्णय हुन नसक्दा विश्वविद्यालयहरूमा पदाधिकारी अभाव कायमै छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले केही दिनभित्र विश्वविद्यालयका पदाधिकारी नियुक्त हुने बताए । प्रधानमन्त्री विश्वविद्यालयका कुलपति भएकाले पदाधिकारी नियुक्ति प्रधानमन्त्रीबाटै हुने उनको भनाइ छ । मन्त्रालयका अनुसार केही विश्वविद्यालयबाट रजिस्ट्रारका लागि नाम सिफारिस भएर आइसकेको छ भने केहीको सिफारिस आउन बाँकी छ ।

मन्त्रालय स्रोतले जनाए अनुसार उपकुलपतिहरूले रजिस्ट्रारका लागि सिफारिस गरेका नाम प्रधानमन्त्री कार्यालयमा पठाइसकेका




छन् । पाँच विश्वविद्यालयबाट रजिस्ट्रारका लागि नाम प्राप्त भएको र अध्ययनपछि नियुक्ति प्रक्रिया टुंग्याउने तयारी रहेको मन्त्रालयले जनाएको छ । तर, सिफारिस गरिएका नाममा निर्णय हुन नसक्दा नियुक्ति प्रक्रिया लम्बिएको हो ।

विश्वविद्यालयका सहकुलपति एवं शिक्षामन्त्री सस्मित पोखरेलले यसअघि उपकुलपतिलाई नै आफ्नो टिम बनाउने जिम्मेवारी दिइएको र उपकुलपतिले सिफारिस गरेका नामलाई स्वीकृत गर्ने बताएका थिए । त्यसका बाबजुद सिफारिस भएका नाम प्रधानमन्त्री कार्यालयमै रोकिँदा पदाधिकारी नियुक्ति हुन सकेको छैन ।

राजर्षि जनक विश्वविद्यालयको अवस्था अन्य केही विश्वविद्यालयको भन्दा फरक देखिएको छ । सुदूरपश्चिम विश्वविद्यालयले कार्यवाहक पदाधिकारीबाटै चालु आर्थिक वर्षको बजेट पारित गरिसकेको छ । पूर्वाञ्चल विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयले पनि कार्यवाहक रजिस्ट्रारमार्फत बजेट पारित गरेका छन् । काठमाण्डु विश्वविद्यालयले समेत नयाँ बजेट पारित गरिसकेको छ । तर, राजर्षि जनक विश्वविद्यालयमा सिनेट बैठक नै बस्न नसक्दा बजेट पारित गर्ने बाटो खुलेको छैन ।


पोखरा विश्वविद्यालयमा पनि रजिस्ट्रार नियुक्त नहुँदा सिनेट बैठक बस्न नसकेकाले नयाँ बजेट पारित भएको छैन । त्यहाँ अघिल्लो आर्थिक वर्षकै बजेटबाट प्रशासनिक काम सञ्चालन भइरहेको जनाइएको छ ।

पदाधिकारी अभावको समस्या त्रिभुवन विश्वविद्यालयमा समेत गम्भीर बनेको छ । सरकारले असार १९ गते प्रा.डा. भोला थापालाई उपकुलपतिमा नियुक्त गरे पनि विश्वविद्यालयको टिमले अझै पूर्णता पाउन सकेको छैन । त्रिविमा निमित्त शिक्षाध्यक्ष र निमित्त रजिस्ट्रारमार्फत काम भइरहेको छ ।

रजिस्ट्रारलगायत पदाधिकारी नियुक्त नहुँदा त्रिविको सिनेट बैठकसमेत बस्न सकेको छैन । सिनेटबाटै नीति तथा कार्यक्रम, बजेट र दीक्षित हुने विद्यार्थीको 'ग्रेस लिस्ट' स्वीकृत हुने भएकाले त्यससँग सम्बन्धित प्रक्रिया रोकिएका छन् । करिब २६ अर्ब रुपैयाँको वार्षिक बजेट ल्याउँदै आएको त्रिवि अहिले 'पेस्की बजेट'को भरमा सञ्चालन भइरहेको छ । बजेट तथा सिनेटको निर्णय नहुँदा अध्ययन पूरा गरेका विद्यार्थीको दीक्षान्त समारोह, मार्कसिट तथा शैक्षिक प्रमाणपत्र वितरणसमेत प्रभावित भएको छ ।

यसैबीच लुम्बिनी बौद्ध विश्वविद्यालय र नेपाल खुला विश्वविद्यालयमा उपकुलपति नियुक्ति नै हुन बाँकी छ । लुम्बिनीमा उपकुलपतिका लागि सिफारिस भएका नाम विवादमा परेपछि नियुक्ति रोकिएको शिक्षा मन्त्रालयका अधिकारीले बताएका छन् । कार्यविधि संशोधन गरेर नियुक्ति प्रक्रिया अघि बढाउने तयारीसमेत भइरहेको छ ।

विश्वविद्यालयहरूमा लामो समयसम्म पदाधिकारी नियुक्त नहुँदा नियमित प्रशासनसँगै बजेट र नीति निर्माण प्रभावित भइरहेको अवस्थामा राजर्षि जनक विश्वविद्यालयको बजेट प्रक्रिया तत्काल टुंग्याउनुपर्ने आवश्यकता देखिएको छ । पदाधिकारी नियुक्ति र सिनेट बैठक सञ्चालनमा थप ढिलाइ भए विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक गतिविधि अझ प्रभावित हुने देखिन्छ ।

# दुईसय परिवार महिनौंदेखि खानेपानीबाट वञ्चित

**टुडे समाचारदाता**

रौतहट । ठेकदारको लापरवाहीका कारण रौतहटको कटहरिया नगरपालिकामा करिब दुईसय परिवार तीन महिनादेखि शुद्ध खानेपानीबाट वञ्चित भएका छन् ।



कटहरिया नगरपालिका-३ छोटका बडेडवा र वडा नम्बर ४ हर्षाहा गाउँका करिब तीन सय परिवार विगत तीन महिनादेखि नियमित खानेपानी आपूर्ति हुन सकेको छैन। लामो समयदेखि खानेपानी सेवा अवरुद्ध हुँदा स्थानीयको दैनिक जनजीवन प्रभावित बन्दै गएको छ ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साह तेलीका अनुसार बडेडवा गाउँनजिक नहरमा पुल निर्माणका क्रममा मुन्ना कन्ट्रक्सनका ठेकदार प्रमोद यादवले डोजर चलाउँदा खानेपानीको मुख्य पाइप काटिएको थियो ।

पाइप काटिएपछि त्यसलाई तत्काल मर्मत तथा पुनःजडान गर्न ठेकदार यादवलाई पटक-पटक आग्रह गरिए पनि हालसम्म समस्या समाधानका लागि आवश्यक पहल नभएको अध्यक्ष साहले गुनासो गरेका छन् ।

"पाइप काटिएको विषयमा पटक-पटक जानकारी गरायौं। समस्या समाधानका लागि ताकेता गर्दासमेत ठेकदारले चासो दिएनन्," अध्यक्ष साहले भनेका छन् ।

स्थानीयका अनुसार निर्माण कम्पनीले पुल निर्माणका क्रममा खानेपानीको पाइपबाट पानी प्रयोगसमेत गरेको थियो। तर, पाइप क्षतिग्रस्त भएपछि पुनःजडान तथा मर्मतमा भने सम्बन्धित पक्षले बेवास्ता गरेको उनीहरूको आरोप छ ।

स्थानीय रबी गुप्ताले खानेपानीको समस्या समाधानका लागि सम्बन्धित निकाय, निर्माण कम्पनी र उपभोक्ता समितिलाई पटक-पटक जानकारी गराउँदा पनि समस्या समाधान नभएको बताएका छन् । उनका अनुसार तीन महिनादेखि नियमित खानेपानी नआउँदा महिलाहरू, बालबालिका तथा ज्येष्ठ नागरिक सबैभन्दा बढी प्रभावित भएका छन् । खानेपानी अभावमा स्थानीयहरू वैकल्पिक स्रोतको पानी प्रयोग गर्न बाध्य छन् ।

खानेपानी आयोजनाका कर्मचारी मोतीलाल सोनीले पुल निर्माणका क्रममा मुख्य पाइप क्षतिग्रस्त भएकाले नियमित खानेपानी आपूर्ति प्रभावित भएको स्वीकार गरेका छन् । उनका अनुसार पाइप पुनःजडान भएपछि मात्रै खानेपानी सेवा पूर्ण रूपमा सञ्चालन गर्न सकिने अवस्था छ ।

लामो समयदेखि खानेपानी आपूर्ति अवरुद्ध हुँदा स्थानीयमा स्वास्थ्य जोखिमसमेत बढेको भन्दै तत्काल समस्या समाधान गर्न माग गरिएको छ। मुन्ना कन्स्ट्रक्सनका सञ्चालक प्रमोद यादवले बडेरवा गाउँ छेउमा पुल निर्माणको क्रममा खानेपानीको पाइप क्षतिग्रस्त भएको स्वीकार गरेका छन्। हालसम्म पुलको ढलान कार्य बाँकी रहेको छ ।

उक्त पुलको ढलानको क्रममा पुल छेउबाट जोडेर खानेपानीको पाइप जडान गर्ने बताएका छन्। अहिले बर्षाको समयमा ढलान गर्न सम्भव छैन तर दशैंसम्म काम पूरा गर्ने प्रतिवद्धता जनाएका छन् ।

रौतहटका सिडियो दिनेश सागर भुषालले कुनै पनि बहानामा महिनौंसम्म सैयौ परिवारलाई खानेपानी बाट बञ्चित गर्ने काम ठीक नभएको बताएका छन्। उनले तत्काल पाईपको मर्मत गरी अवरुद्ध खानेपानी सञ्चालन गर्न ठेकदार लाई सुझाव सहित निर्देशन दिने जानकारी दिएका छन् ।

स्थानीयवासीले कटहरिया नगरपालिका, सम्बन्धित सरकारी निकाय, खानेपानी उपभोक्ता समिति र निर्माण कम्पनीलाई तत्काल क्षतिग्रस्त पाइप मर्मत तथा पुनःजडान गरी नियमित खानेपानी सेवा सञ्चालन गर्न माग गरेका छन् । समस्या तत्काल समाधान नभए चरणबद्ध आन्दोलनमा उत्रिने स्थानीयवासीले चेतावनी समेत दिएका छन् ।

गरिमा हत्या प्रकरण :

# आन्दोलन र छलफल जारी

**टुडे समाचारदाता**

बारा । तीन वर्षीया बालिका गरिमा चौधरीको हत्या प्रकरणमा स्थानीयले शनिवार पनि बाराको पथलैया चोकमा प्रदर्शन गरेका छन् । स्थानीयहरू गरिमाको हत्या विरोधमा गत बुधबारदेखि नै प्रदर्शन गर्दै आएका छन् ।





पूर्वपश्चिम महेन्द्र राजमार्ग बन्द भएपछि प्रहरीले सडक खुलाउने प्रयास गरिरहेको छ । सो क्रममा स्थानीयसँग प्रहरीको वादविवाद पनि भएको छ । ईलाका प्रहरी कार्यालय सिमराका डीएसपी दयाकृष्ण भट्टले पथलैया छाडेर सिमरा केन्द्रित आन्दोलन गर्न स्थानीय बासीलाई आग्रह गरेका छन् ।

तीन वर्षीया बालिका गरिमा चौधरीको न्यायका लागि भन्दै सडकमा उत्रिएका स्थानीयबासीले वीरगञ्ज-पथलैया सडकको सिमरामा सडकमै टेन्ट टाँगेर प्रदर्शन गरिरहेका छन् । बारा मात्रै होइन मधेश प्रदेश सिरहा, पर्सा, रौतहट लगायतका विभिन्न जिल्ला र संघीय राजधानी काठमाडौमा प्रदर्शन गरिदै आएको छ ।

हुनत बिहीबार राति स्थानीय प्रशासनले केही राजनीतिक दलका प्रतिनिधि तथा जीतपुरसिमरा उपमहानगरपालिकाका जनप्रतिनिधिको रोहबरमा पाँच बुँदे सहमति गरे पनि मृतक बलिकाकी परिवारले उक्त सहमति अमान्य रहेको बताएको थियो । अहिले पनि स्थानीयले सडक धर्ना जारी राखेका छन् ।

बालिकाका परिवारलाई साथ दिन जीतपुरसिमरा उपमहानगरपालिका सहित बाराका विभिन्न क्षेत्रबाट मानिसहरू सडकमा जम्मा भइरहेका छन् । सुरुमा ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी प्रमुखको लापरबाहीले घटना भएको भन्दै उनको सरुवा मागेका स्थानीयबासीले डीएसपी दिलिप क्षेत्रीको सरुवा भएपछि प्रशासनसमक्ष पाँच बुदे सहमति बिहीबार राति भएको थियो ।

तर मध्यरातमा भएको सहमतिमा आफूहरुको सहमति नरहेको भन्दै परिवारले आन्दोलन जारी राखेका हुन् । मृतक बालिकाको शव कलैया अस्पतालमै छ भने परिवारले आन्दोलन यथावत राखेका छन् । यसैबीच गरिमा चौधरीका आमा-बुबासँग गृहमन्त्रालयमा छलफल सुरु भएको छ । यो समाचार लेख्दासम्म गृहमन्त्री सुधन गुरुङसहितको गृहमन्त्रालयको टोलीले र गरिमाका आमा मानमती चौधरी र बुबा मनोज चौधरीबीच छलफल जारी रहेको थियो ।

छलफलका लागि शनिवार दिउँसो सिमरा विमानस्थलबाट गरिमाका बुवा मनोज र आमा मानमती केही स्थानीय अभियन्तासँगै काठमाडौं पुगेका थिए । सो छलफलमा कृषिमन्त्री गीता चौधरी उपस्थित रहेकी छिन् ।

उता आम जनता पार्टी (आजपा) निकटको आम महिला मोर्चाले बाराका सुरक्षा प्रमुखहरूलाई निलम्बन गरेर गरिमा चौधरी प्रकरणमा अनुसन्धान गर्नुपर्ने माग गरेको छ । मोर्चाले सुरक्षा निकायका प्रमुख सिडियो, प्रहरी प्रमुखमाथि पनि अनुसन्धान गरी कारबाही गर्नुपर्ने माग गरेको छ ।

मोर्चाका इन्चार्ज रन्जुकुमारी साहले आज प्रेस विज्ञप्ति जारी जारी यस्तो माग गरेकी हुन् । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ भक्तिनगर टोलकी ३ बर्षीया बालिका गरिमा चौधरीलाई बलात्कारपछि गरिएको निर्मम र अमानवीय हत्या प्रकरणमा बाराका सुरक्षा निकाय पनि दोषी रहेको मोर्चाको ठहर छ ।

तीन दिनसम्म अबोध बच्चा बेपता रहँदा समेत स्थानीय सुरक्षा निकाय कानमा तेल हालेर बस्नु र समयमै खोजी कार्यमा तदारुकता नदेखाएको जनाउँदै मोर्चाले बाराका सुरक्षा निकाय प्रमुखलाई तत्काल निलम्बन गरी गरिमा चौधरी प्रकरणको अनुसन्धान गर्नुपर्ने माग गरेको छ ।

# तस्कर छाडेको आरोपमा सईको जिम्मेवारी खोसियो

**टुडे समाचारदाता**

राजविराज । अवैध सामानसहितसप्तरीमापक्राउ परेका तस्करहरूलाई प्रहरी कार्यालयबाटै छाडिएको आरोपमा इलाका प्रहरी कार्यालय बोदेबरसाईनका कार्यालय प्रमुख प्रहरी नायब निरीक्षक (सई) शिवशंकर शर्माको जिम्मेवारी खोसिएको छ ।



सई शर्मालाई शुक्रबार नै जिल्ला तानिएको बुझिएको छ । गत साउन १८ गते बोदेबरसाइन नगरपालिका-५ स्थित बोदेबरसाइन गाउँबाट अपराह्न करिब ३:३० बजे भारतबाट भन्सार छली गरी ल्याइएको मोबाइल पार्टस, मोटरसाइकल सामानसहित भरिया सुनिल मण्डललाई स्थानीयको सहयोगमा प्रहरीले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बोदेबरसाइनमा ल्याएको थियो ।

पक्राउ परेका भरिया मण्डल र मोटरसाइकलसहित समान छुटाउन मुख्य कारोबारी देव कुमार यादव इलाका प्रहरीमा पुगेका थिए । समान छुटाउन पुगेका यादवलाई प्रहरीले तत्कालै नियन्त्रण लिएको थियो । तर, तस्करलाई बचाउन प्रहरीले घटना विवरण मुचुल्का पनि फेरबदल गरिएको थियो ।

घटनाको समय र स्थान फरक उल्लेख गर्दै साउन १९ गते राति १२:३० बजे बोदेबरसाइन नगरपालिका-५ स्थित शिवचोकबाट नम्बर प्लेट नभएको हिरो कम्पनीको रातो रङ्को १६० सीसी एक्स्ट्रिम मोटरसाइकल तथा विभिन्न मोबाइलका सामान बरामद गरिएको थियो जनाइएको छ ।

# विवादित गरुडाको बजेट अधिवेशन सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । विवादित रहेका रौतहटको गरुडा नगरपालिका बजेट तथा नगर अधिवेशन अन्ततः सम्पन्न भएको छ । जनप्रतिनिधिबिचको विवादका कारण निर्धारित समयभन्दा करिब दुई महिना ढिलो गरी दशौं बजेट अधिवेशन तथा पन्ध्रौं नगर अधिवेशन सम्पन्न भएको हो ।




लामो समयदेखि जारी राजनीतिक गतिरोध अन्त्य गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नगरपालिकाका कर्मचारीहरूले पहल गरेका थिए ।

सम्पन्न नगरसभाले आर्थिक वर्ष २०८३/८४ का लागि ८५ करोड ३७ लाख ८५ हजार ९९९ रुपियाँ ६० पैसाको बजेट पारित गरेको नगर प्रमुख कन्थमणि प्रसाद कलवारले जानकारी दिए । २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका छन् ।

प्रस्तुत बजेट अनुसार आयतर्फ नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानबापत १३ करोड ४५ लाख रुपियाँ, राजस्व बाँडफाँडबाट ११ करोड ९२ लाख ८२ हजार रुपियाँ, सशर्त अनुदान (चालु) २४ करोड ८६ लाख रुपियाँ, सशर्त अनुदान (पुँजीगत) एक करोड ९१ लाख रुपियाँ, विशेष अनुदान (चालु) दुई करोड १० लाख रुपियाँ तथा समपूरक अनुदान (पुँजीगत) एक करोड ३९ लाख रुपियाँ प्राप्त हुने अनुमान गरिएको छ ।

यस्तै, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान ९२ लाख ५९ हजार रुपियाँ, सशर्त अनुदान (पुँजीगत) ६० लाख रुपियाँ, विशेष अनुदान (चालु) २० लाख रुपियाँ तथा राजस्व बाँडफाँडबाट ८८ लाख रुपियाँ प्राप्त हुने अनुमान गरिएको छ ।

नगरपालिकाले स्थानीय राजस्व बाँडफाँडबाट दुई करोड १० लाख रुपियाँ तथा आन्तरिक आयबाट १६ करोड १९ लाख ७० हजार ९०२ रुपियाँ आम्दानी हुने अनुमान गरेको छ। सञ्चित कोषमा रहेको मौज्दात तथा अन्य शीर्षकबाट प्राप्त हुने रकमसमेत समेटेर कुल बजेट ८५ करोड ३७ लाख ८५ हजार ९९९ रुपियाँ ६० पैसा पुर्‍याइएको उपप्रमुख चौधरीले बताएका छन् ।

नगरपालिकाले कुल बजेटमध्ये पुँजीगत खर्चतर्फ ३२ करोड १९ लाख पाँच हजार रुपियाँ र चालु खर्चतर्फ ५३ करोड १८ लाख ८१ हजार रुपियाँ विनियोजन गरेको छ। यसबाट विकास निर्माण तथा पूर्वाधारका क्षेत्रमा हुने पुँजीगत खर्चको तुलनामा चालु खर्च बढी रहेको देखिन्छ ।

नगर उपप्रमुख चौधरीका अनुसार विकास निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक विकास तथा नगरवासीका आवश्यकता र मागलाई सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।


सो अधिवेशनमा वडा नं. १ देखि ९ सम्मका वडाध्यक्ष, नगरसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत नाथु साह, इन्जिनियर नागेन्द्र राय यादव, विभिन्न शाखाका कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय तहहरूले आगामी आर्थिक वर्षको बजेट असार १० गतेभित्र नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । तर जनप्रतिनिधिबीचको विवादका कारण हुन सकेको थिएन । बजेट पारित गरेसँगै रौतहटका १८ स्थानीय तहमध्ये १७ वटाको नगरसभा सम्पन्न भएको छ ।

# मुख्यमन्त्रीको कार्यवाहक जिम्मेवारी मन्त्री समीरलाई

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव भारत भ्रमणमा गएपछि प्रदेश सरकारको कार्यकारी नेतृत्व भौतिक पूर्वाधार विकासमन्त्री मो. समिरले सम्हाल्ने भएका छन् ।



मुख्यमन्त्री यादवले आफ्नो अनुपस्थितिमा मन्त्री समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी तोकेका हुन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यससम्बन्धी जानकारीसहितको पत्र प्रदेश प्रमुखको कार्यालयलाई समेत पठाएको जनाएको छ ।

प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम १४ को उपनियम (३) अनुसार समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको पत्रमा उल्लेख छ । मुख्यमन्त्री यादवले भदौ ६ गतेदेखि आफू स्वदेश नफर्किएसम्म समिरले प्रदेश सरकारको नेतृत्व गर्ने गरी जिम्मेवारी तोकेका हुन् ।

मुख्यमन्त्री सचिवालयका अनुसार यादव धार्मिक यात्राका लागि भारतको वैद्यनाथधाम पुगेका छन्। त्यहाँ उनले भगवान् शिवको दर्शन तथा पूजाआजा गर्ने कार्यक्रम रहेको छ । उनी करिब एक साताको यात्रामा भारत गएको सचिवालयले जनाएको छ ।

मुख्यमन्त्रीको अनुपस्थितिमा प्रदेश सरकारका नियमित प्रशासनिक काम, निर्णय प्रक्रिया तथा अन्य कार्यकारी जिम्मेवारी कार्यवाहक मुख्यमन्त्री समिरले सम्हाल्नेछन् ।

सरकारको दैनिक कामकारबाहीमा कुनै अवरोध नहोस् भन्ने उद्देश्यले मुख्यमन्त्रीको विदेश भ्रमणका क्रममा कार्यवाहकको जिम्मेवारी तोक्ने व्यवस्था गरिएको हो ।

# घरमा चोरी गर्ने युवक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । घरको ताल्चा तोडेर चोरी गरिरहेको अवस्थामा रौतहटको राजदेवी नगरपालिका-७ मुडवलवाबाट एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा स्थानीय ३० वर्षीय मनोज राउत भेडिहर रहेका छन् ।

उनलाई गएराति स्थानीय प्रहरी सहायक हवल्दार मनोज यादवको घरमा चोरी गर्दै गरेको अवस्थामा स्थानीय र घरधनीका आफन्तले नियन्त्रणमा लिएका हुन् ।

प्रहरीका अनुसार घरमा कोही नभएको मौका छोपेर राउतले ढोकाको ताल्चा तोडी घरभित्र प्रवेश गरी सामान चोरी गरेका थिए । चोरीका सामान लिएर भाग्न खोज्दा आफन्त तथा स्थानीयले उनलाई घेरा हालेर नियन्त्रणमा लिएका थिए ।

स्थानीयले नियन्त्रणमा लिएपछि राउतलाई जिल्ला प्रहरी कार्यालय रौतहटबाट पुगेको प्रहरी टोलीको जिम्मा लगाइएको छ । प्रहरी सहायक हवल्दार यादव हाल सर्लाहीको मलंगवामा कार्यरत रहेको जनाइएको छ ।

प्रहरीका अनुसार पक्राउ परेका राउतमाथि यसअघि पनि चोरीका घटनामा संलग्न रहेको आरोप लाग्दै आएको थियो । गत साउन ६ गते स्थानीय अभिमन्यु यादवको घरमा चोरी गरेको आरोपमा समेत उनी पक्राउ परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले घटनाको पुष्टि गर्दै राउत प्रहरी नियन्त्रणमा रहेको बताए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिनको अघिल्लो भागमा स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुपर्नेछ ।
वृष : जीवनसाथी वा साथीभाइको सहयोगले खुशी मिल्नेछ ।
मिथुन : प्रतिस्पर्धीहरुलार्य पछाडि पार्दै आफ्ना योजनाहरु सफल बनाउने दिन छ ।
कर्कट : बौद्धिक तथा सिर्जनात्मक काममा सफलता मिल्नेछ ।
सिंह : सुरुमा घरेलु वातावरण र पारिवारिक विषयमा अलि ध्यान दिनुपर्नेछ ।
कन्या : आफ्नो साहस र पराक्रमका कारण जटिल कामहरु पनि सम्पादन हुनेछ ।
तुला : मीठो भोजन र बोलीको प्रभाव बढ्नेछ।
वृश्चिक : आफन्तहरुसंग संवाद गर्दा शब्दको चयनमा ध्यान दिनु राम्रो हुनेछ ।
धनु : सुरुमा खर्च बढ्न सक्ने वा काममा केही ढिलासुस्ती हुन सक्ने सम्भावना छ ।
मकर : आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछ।
कुम्भ: कार्यक्षेत्रमा प्रतिष्ठा र पदोन्नतिको अवसर मिल्ने योग छ ।
मीन: धार्मिक, आध्यात्मिक वा सामाजिक काममा रुचि बढ्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अर्घाखाँचीमा वन्यजन्तुको सिकारका लागि लाइसेन्स खुला



अर्घाखाँची । कानुनबमोजिम वन्यजन्तुको सिकार गर्न चाहने नागरिकका लागि लाइसेन्स (अनुज्ञापत्र) लिन आवेदन खुला गरिएको छ । डिभिजन वन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सिकार गर्न इच्छुक नागरिकलाई आवश्यक कागजातसहित आवेदन दिन आह्वान गरेको हो ।

राते मृग, चित्तल र बँदेलको सिकारका लागि तोकिएको कानुनी प्रक्रिया पूरा गरी जिल्ला सिकार अनुज्ञापत्र लिन सकिने डिभिजन वन कार्यालयका सूचना अधिकारी केशव खड्काले बताउनुभयो । यसका लागि इच्छुक नेपाली नागरिकले यही भदौ १० गतेभित्र जिल्लास्थित डिभिजन वन कार्यालयमा आवेदन पेस गर्नुपर्नेछ ।

वन्यजन्तुबाट हुने तथा भइसकेको कृषि बाली र मानवीय क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यसहित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० तथा प्रचलित कानुनमा तोकिएको व्यवस्थाअनुसार सिकार अनुज्ञापत्र उपलब्ध गराइने कार्यालयले जनाएको छ ।

कार्यालयले जारी गरेको सूचनामा सिकार गर्न चाहने व्यक्तिले निर्धारित ढाँचामा निवेदन दिनुपर्ने जनाइएको छ । निवेदनसँगै नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, लाइसेन्स प्राप्त हतियारको प्रमाणपत्र तथा प्रचलित कानुनले तोकेका अन्य आवश्यक कागजात पेस गर्नुपर्ने छ ।

वन्यजन्तु संरक्षणका दृष्टिले संवेदनशील मानिने सिकार गतिविधिलाई व्यवस्थित र नियमन गर्न सरकारले कानुनी रूपमा अनुज्ञापत्रको व्यवस्था गरेको वन कार्यालयका सूचना अधिकारी खड्काले बताउनुभयो । अनुमतिप्राप्त नगरी वन्यजन्तुको सिकार गर्नु गैरकानुनी मानिने भएकाले सिकारमा रुचि राख्ने व्यक्तिले सम्बन्धित निकायबाट आवश्यक अनुमति लिएरमात्रै गतिविधि सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ ।

अर्घाखाँचीमा वन्यजन्तु तथा वन क्षेत्रको संरक्षणसँगै मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण पनि चुनौतीका रूपमा रहँदै आएको छ । विशेषगरी वन क्षेत्र आसपासका बस्तीमा वन्यजन्तुले कृषि बालीमा क्षति पुर्याउने, पशुचौपायामा आक्रमण गर्ने, कहिलेकाहीं मानवीय जोखिम निम्त्याउनेलगायत समस्या छन् । यस्तो अवस्थामा कानुनले तोकेको सीमाभित्र रहेर सिकार तथा वन्यजन्तु व्यवस्थापनसम्बन्धी गतिविधिलाई अघि बढाउने सरकारी नीति रहेको खड्काले उल्लेख गर्नुभयो ।

यसैबीच, डिभिजन वन कार्यालयले सिकार अनुज्ञापत्र वितरणको प्रक्रिया पारदर्शी र प्रचलित कानुनअनुसार हुने स्पष्ट पारेको छ । कार्यालयमा प्राप्त निवेदन तथा कागजातको आवश्यक जाँचपछि मात्रै सम्बन्धित व्यक्तिलाई अनुज्ञापत्र प्रदान गरिने कार्यालयका डिभिजन प्रमुख नारायणदेव भट्टराईले बताउनुभयो । सिकारका नाममा वन्यजन्तुको अवैध ओसार पसार, चोरीनिकासी वा गैरकानुनी गतिविधि हुन नदिन वन कार्यालय र सम्बन्धित सुरक्षा निकायले निगरानी पनि बढाउने उहाँले बताउनुभयो । रासस

## सतर्कता केन्द्रको अनुगमन :
# १५ कार्यालयमा सेवा प्रवाह सुधारका लागि निर्देशन




काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतको राष्ट्रिय सतर्कता केन्द्रले उपत्यकाका विभिन्न सरकारी कार्यालयमा अनुगमन गरी सेवा प्रवाह सुधार, कर्मचारीको समय पालना तथा तोकिएको पोसाक र आचरण पालना गर्न निर्देशन दिएको छ ।

केन्द्रका अनुसार भदौ ५ गते शुक्रबार काठमाडौं, ललितपुर र भक्तपुरका १५ वटा कार्यालयमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा कार्यालयको सेवा प्रवाह, कर्मचारीको समयपालना, पोसाक तथा आचरणको अवस्थाबारे निरीक्षण गरिएको थियो ।

अनुगमन गरिएका कार्यालयमा यातायात व्यवस्था कार्यालय एकान्तकुना र जडीबुटी, जिल्ला खेलकुद विकास समिति भक्तपुर र ललितपुर, काठमाडौं महानगरपालिकाका वडा नं. ७ र ८ का कार्यालय, रामघाट प्राथमिक स्वास्थ्य केन्द्र, डिभिजन वन कार्यालय सानोठिमी, मनोहरा जग्गा एकीकरण आयोजना, आन्तरिक राजस्व कार्यालय कोटेश्वर, जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र, नेपाल गुणस्तर तथा नापतौल विभाग, राष्ट्रिय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, आन्तरिक राजस्व कार्यालय बालाजु र काठमाडौं दुग्ध वितरण आयोजना रहेका छन् ।

केन्द्रका अनुसार अनुगमनपछि सम्बन्धित कार्यालयलाई प्रचलित कानुन बमोजिम कर्मचारीमाथि आवश्यक कारबाही गरी केन्द्रलाई जानकारी गराउन निर्देशन दिइएको छ । कतिपय कार्यालयलाई सेवा प्रवाह थप प्रभावकारी र जनमैत्री बनाउन विशेष निर्देशनसमेत दिइएको विवरणमा उल्लेख छ ।

काठमाण्डु महानगरपालिका वडा नं. ७ र ८ का कार्यालयलाई सेवा प्रवाह थप प्रभावकारी र जनमैत्री बनाउन निर्देशन दिइएको छ । रामघाट प्राथमिक स्वास्थ्य केन्द्रलाई सेवा सम्बन्धी प्रचलित कानुन बमोजिम कारबाही गरी केन्द्रलाई जानकारी गराउन भनिएको छ । मनोहरा जग्गा एकीकरण आयोजनालाई अनिवार्य नागरिक बडापत्र राख्न र सहयात्री समितिको बैठक नबसेकोले बैठक बस्न निर्देशन दिइएको छ ।

जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्रलाई प्रचलित कानुनबमोजिम कारबाही गरी केन्द्रलाई जानकारी गराउन तथा काठमाडौं दुग्ध वितरण आयोजनालाई ई-हाजिरी व्यवस्था जडान गर्न निर्देशन दिइएको छ ।

अनुगमन विवरणअनुसार सम्बन्धित कार्यालयमा कार्यरत कर्मचारीमध्ये केहीले तोकिएको समयमा कार्यालयमा उपस्थित नभएको तथा कतिपयले तोकिएको पोसाक नलगाएको समेत पाइएको छ । केन्द्रले सेवा प्रवाहलाई प्रभावकारी, अनुशासित र नागरिकमैत्री बनाउन नियमित अनुगमन तथा आवश्यक सुधारका लागि निर्देशन दिएको हो ।

केन्द्रले सरकारी सेवालाई नागरिकमैत्री, अनुशासित र मर्यादित बनाउनका लागि सक्रियता बढाएको छ । सरकारी निकायमा भ्रष्टाचार भएको, कर्मचारीले आचारसंहिता पालना नगरेको वा शङ्कास्पद सम्पत्ति रहेको सूचना केन्द्रको हटलाइन ०१४२००३४५ मा फोन गरेर टिपाउन सकिने केन्द्रले जनाएको छ । रासस

# कृषि उत्पादन वृद्धि गर्न विभिन्न बालीका उन्नत जात विकास

काठमाण्डु । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न विभिन्न बालीका करिब नौ सय उन्नत जातहरू विकास गरेको छ । परिषद्ले धान, मकै, गहुँ, कोदो, फापर, जौलगायत अन्नबाली, दलहन, तेलहन, आलु, तरकारी, फलफूल तथा कन्दमूल बाली उन्मोचन गरेको हो ।

विभिन्न भौगोलिक हावापानी (तराईदेखि उच्च पहाडसम्म) सुहाउँदा रोग प्रतिरोधी र उच्च उत्पादन दिने ती बालीको वैज्ञानिक अनुसन्धान सम्पन्न गरी खेतीका लागि सिफारिस गरिएको परिषद्का प्राविधिक अधिकृत ऋषिराम अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार आधुनिक कृषि अनुसन्धान र विकासका लागि संस्थागत कार्य गर्दै आएको परिषद्ले कृषिसम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्दै आएको छ ।

विभिन्न बाली वस्तुका जात/नश्ल तथा उत्पादन प्रविधि विकास गर्न कृषि अनुसन्धान कार्यक्रममार्फत कृषि क्षेत्रका समस्या निराकरणका उपाय पत्ता लगाउने र कृषिसम्बन्धी नीति तर्जुमाका लागि सरकारलाई परिषद्ले आवश्यक सहयोग गर्दै आएको जनाइएको छ ।

कृषि उत्पादन वृद्धि, खाद्य सुरक्षा सुदृढीकरण, आयात प्रतिस्थापन र समग्र राष्ट्रिय अर्थतन्त्रको विकासमा कृषि अनुसन्धानले योगदान पुर्‍याएको परिषद्का प्राविधिक अधिकृत अधिकारीले जानकारी दिनुभयो । रासस

# अटिजम भएका बालबालिकाका लागि सबै प्रदेशमा आवासीय विद्यालय स्थापना गर्दै छौँ : मन्त्री पोखरेल




सुदूरपश्चिम । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले अटिजम भएका बालबालिकाहरूका लागि सातै प्रदेशमा छिट्टै आवासीय विद्यालय स्थापनाका लागि सरकारले आवश्यक तयारी गरिरहेको बताउनुभएको छ ।

अटिजम तथा न्यूरोडाइभर्सिटी भएका बालबालिकाका लागि शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०८३ का विषयमा छलफल गर्न शनिबार कैलालीको धनगढीमा आयोजित कार्यक्रममा उहाँले विद्यालय स्थापनाका लागि सरकारले बजेटसमेत विनियोजन गरिसकेको उल्लेख गर्नुभयो

मन्त्री पोखरेलले विद्यालय सञ्चालनका लागि 'मोडालिटी' तय गर्न छलफल भइरहेको जानकारी दिँदै विद्यार्थी र अभिभावकलाई सँगै राखेर पढाई, थेरापी र अन्य रचनात्मक गतिविधि सञ्चालन गरिने बताउनुभयो ।

"सरकार गठन हुने वित्तिकै अटिजम भएका बालबालिकाका लागि देशका सातै प्रदेशमा एउटा एउटा आवसीय विद्यालय स्थापनाको घोषणा गरिसकेका छौँ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था पनि भइसकेको छ", उहाँले भन्नुभयो, "यसै वर्षदेखि विस्तृत परियोजना प्रतिवेदन बनाएर कार्यान्वयनको प्रक्रिया अगाडि बढाउँछौँ । मूलधारको विद्यालयमा भर्ना गर्नुअघि त्यस्ता बालबालिकालाई आवासीय रूपमा स्वास्थ्य सेवा र आवश्यक शिक्षा दिने गरी मापदण्डको मस्यौदा बनेको छ । त्यसैमा यहाँहरूको रचनात्मक सुझाव आश्यक छ ।"

पछिल्ला वर्षमा अटिजम भएका बालबालिकाको समस्या विश्वव्यापी रूपमा बढ्दै गएको र कतिपय देशमा करिब तीनदेखि सात प्रतिशतसम्म बालबालिका यसरी जन्मिने गरेको भन्दै मन्त्री पोखरेलले सरकारले त्यस्ता बालबालिका र अभिभावका समस्या समाधानका लागि गम्भीर भएर सोचिरहेको बताउनुभयो । उहाँले अब बन्ने शिक्षा ऐन, नीति र मापदण्डमा अटिजमसम्बन्धी विषय समेटेर सरकारले काम गर्ने आधार थप प्रष्ट गर्दै जाने बताउनुभयो । "अटिजम भएका बालबालिकाको समस्या विश्वव्यापी रूपमा बढिरहेको छ । नेपाल पनि त्यसबाट ग्रस्त छ । त्यसकारण हामीले सबैसँग छलफल गरेर समस्या समाधानको पहल सुरु गरिसकेका छौँ", मन्त्री पोखरेलले भन्नुभयो,"तर, यो समस्या सरकारको पहलले मात्रै समाधान हुँदैन, यसका लागि सिङ्गो समाज नै परिचालित हुनुपर्ने आवश्यकता छ ।"

कार्यक्रममा प्रतिनिधिसभा सदस्य सरिता महतोले अटिजम भएका बालबालिकालाई बोझका रूपमा नलिई उनीहरूको रुचिअनुसार विकासका लागि योगदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आफू पनि अटिजम भएका सन्तानकी आमा भएकाले संसद् र सरकारलाई यस मुद्दालाई प्राथमिकतामा राखेर काम गर्न दबाब दिइरहेको र सरकारले पनि तदारुकताका साथ समस्या समाधानको पहल गरिरहेको बताउनुभयो ।

अटिजम भएका बालबालिकाका अभिभावहरूले आफूहरूले अन्य कुनै काम गरेर जीविकोपार्जन गर्ने समय नपाएको भन्दै वडा तहमा हेरचाह केन्द्र, छुट्टै आवासीय विद्यालय, थेरापी केन्द्र स्थापना र अभिभावकका लागि आयआर्जनको आधार बनाउन आग्रह गरेका थिए । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले यस्ता बालबालिकाको वास्तविक तथ्याङ्क र आवश्यकता पहिचान गरी सोअनुसार नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए ।

राष्ट्रिय अटिजम केयर सेन्टर सोसाइटीका अध्यक्ष रमेश बस्नेतले अटिजम भएका बालबालिकालाई अन्य अपाङ्गता भएका बालबालिकाभन्दा फरक ढङ्गले हेरेर समस्या समाधानको पहल गरिनुपर्नेमा जोड दिनुभयो । शिक्षा विभागका शिक्षा अधिकृत दीपक माझीले हाल बनाइएको मस्यौदामा भएका प्रावधानबारे जानकारी दिँदै समस्या समाधानका लागि सरकारले काम गरिरहेको बताउनुभयो । रासस

# बाढी नियन्त्रण र सिँचाइलाई एकीकृत रूपमा अघि बढाउन मन्त्री श्रेष्ठको निर्देशन



सुनसरी । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित सुनसरी खोला तटबन्ध क्षेत्रको आज स्थलगत निरीक्षण गर्नुभएको छ ।

निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले बाढी नियन्त्रण, नदी व्यवस्थापन र सिँचाइ विकासका कामलाई एकीकृत रूपमा अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।

निरीक्षणपछि स्थानीयवासी तथा जनप्रतिनिधिसँग भएको छलफलमा उहाँले सुनसरी खोलाबाट हुने बाढीको जोखिम न्यूनीकरणसँगै सिँचाइ विस्तारका लागि तत्काल गर्न सकिने काम पहिचान गरी कार्यान्वयनमा लैजान जलस्रोत तथा सिँचाइ विभागलाई निर्देशन दिनुभएको छ ।

मन्त्री श्रेष्ठले भोक्राहा नरसिंहको सबस्टेशनसमेत बाढीको उच्च जोखिममा रहेकाले उपलब्ध स्रोत साधनको प्रयोग गरी तत्काल क्षति न्यूनीकरणका उपाय अवलम्बन गर्न र आवश्यक पूर्वतयारी गर्नुपर्ने बताउनुभयो । उहाँले तत्काल जोखिम न्यूनीकरणका प्रयाससँगै दीर्घकालीन नदी व्यवस्थापन योजनालाई पनि समानान्तर रूपमा अघि बढाउनुपर्ने धारणा राख्नुभयो ।

निरीक्षणका क्रममा उहाँले पूर्वी क्षेत्रमा विद्युत् आपूर्ति, प्रसारण लाइन तथा अन्य विद्युत् पूर्वाधारको अवस्थाबारे समेत जानकारी लिनुभयो । विद्युत् क्षेत्रमा देखिएका समस्यालाई प्राथमिकताका आधारमा क्रमशः समाधान गर्दै आवश्यक रणनीति निर्माण गर्नुका साथै नीतिगत सुधार आवश्यक देखिए त्यसतर्फ समेत काम गरिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

निरीक्षण तथा छलफल कार्यक्रममा सुनसरी क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य दीपककुमार साह, प्रतिनिधिसभा सदस्य सिर्जना श्रेष्ठ, मोरङ-६ का सांसद रुबिना आचार्य, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडी र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक डा महेश्वर श्रेष्ठलगायत जनप्रतिनिधिको उपस्थिति थियो । रासस

# एमाले अध्यक्ष ओलीद्वारा 'जनसङ्गठन समन्वय संयन्त्र कार्यशाला' उद्घाटन

भक्तपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले शनिबार भक्तपुरको नगरकोटमा नेकपा (एमाले) जनसङ्गठन समन्वय संयन्त्रले आयोजना गरेको दुईदिने 'जनसंगठन समन्वय संयन्त्र कार्यशाला' उद्घाटन गर्नुभएको छ ।

चाँगुनारायण नगरपालिका-८ चरेलीस्थित रिसोर्टमा आयोजना गरेको कार्यशालाको उद्घाटन गर्दै उहाँले एमाले कमजोर भए देश कमजोर हुने बताउनुभयो । अध्यक्ष ओलीले देश सङ्कटमा गुज्रिदै गएको अवस्थामा पार्टीलाई बलियो बनाएर अगाडि जान सकेमात्रै देश बलियो हुने बताउँदै पार्टी कमजोर बनाउन खोज्ने तत्वहरूले यस्ता कुरालाई बुझ्नुपर्ने बताउनुभयो ।

व्यक्तिगत स्वार्थ र दोषारोपणबाट माथि उठेर पार्टी र देशको हितका लागि सोच्नुपर्ने बेला आएको बताउँदै पार्टीलाई बलियो बनाउन जनसङ्गठन एक भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

देश र जनताको हितमा सरकार लाग्नुपर्ने औंल्याउदै उहाँले प्रतिपक्षले खबरदारी गरिरहने बताउनुभयो । दुईदिने कार्यशालाले पार्टी र देशलाई बलियो बनाउने सन्देश दिन उहाँले आग्रह गर्नुभयो । कार्यक्रममा अध्यक्ष ओलीले बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री किरण थापा मगर र एमालेबाट शपथ लिएका दुई मन्त्रीलाई सम्मान गर्नुभयो ।

सो अवसरमा पार्टीका महासचिव शङ्कर पोखरेलले पार्टीलाई एकढिक्का बनाएर लैजान सबै लाग्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा संयोजक भानुभक्त ढकाल, एमाले सचिव महेश बस्नेतलगायत १५० जना नेताहरूको कार्यशालामा सहभागिता रहेको छ । कार्यशाला आइतबार सम्पन्न हुनेछ । रासस

# 'सुपर एल निनो'को सम्भावित जोखिम : चिन्ता ऊर्जा संकटको



काठमाण्डु । विश्वव्यापी जलवायु परिवर्तनशीलताको प्रमुख चालकका रूपमा रहेको 'सुपर एल निनो'का नेपालमा सम्भावित जोखिमबाट ऊर्जा सङ्कट देखिन सक्ने जनाउँदै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । 'सुपर एल निनो'का कारण तापक्रम बढ्ने, खडेरीको सम्भावना रहने र यसले पानीको स्रोतमा समेत कमी ल्याउँदा ऊर्जा क्षेत्र सहित समग्र सामाजिक-आर्थिक प्रणालीमा उल्लेख्य प्रभाव पार्न सक्ने जनाइएको छ ।

जलस्रोत, कृषि, ऊर्जा, खाद्य सुरक्षा तथा जनजीविकामा पर्नसक्ने जोखिम न्यूनीकरणका लागि राष्ट्रियस्तरमै पूर्वतयारी आवश्यक रहेकामा यस क्षेत्रका विज्ञ तथा सरोकारवालाले जोड दिएका छन् । सन् २०२६को अन्त्यदेखि २०२७ को सुरुआतसम्म एल निनो थप सशक्त भई 'धेरै बलियो' वा 'सुपर एल निनो'का अवस्थामा पुग्न सक्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रारम्भिक भनाइ छ ।

'सुपर एल निनो' सम्बन्धी वैज्ञानिक ज्ञान अभिवृद्धि गर्नु, विगतका एल निनो जोखिमबाट नेपालले प्राप्त गरेका अनुभव तथा सिकाइको समीक्षा गर्न, मौसमी पूर्वानुमान तथा जलवायु सेवाको उपयोग बढाउन, जलस्रोत, हिममण्डल, कृषि र ऊर्जा क्षेत्रमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्नु तथा आवश्यक नीति, अनुसन्धान र संस्थागत समन्वयका प्राथमिकता पहिचान गर्न सरोकारवाल निकायबीच छलफल सुरु हुन थालेको छ । शुक्रबार यहाँ आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले एल निनोको सम्भावित जोखिमका बारेमा अनुसन्धानकर्ता तथा कार्यान्वयनमा सङ्लग्न निकायलाई एउटै मञ्चमा ल्याएर छलफल गर्नु महत्वपूर्ण भएको बताउनुभयो ।

उहाँले जलवायु तथा मौसमसम्बन्धी तथ्याङ्कमा तापक्रम, वर्षा, नदीको बहाव र पूर्वानुमानको चर्चा हुने गरे पनि ती तथ्याङ्कको प्रत्यक्ष सम्बन्ध नागरिकको जीवन, जीविकोपार्जन र अर्थतन्त्रसँग रहेको छ भन्नुभयो । सचिव दवाडीले भन्नुभयो, "धान रोप्नका लागि बीउ र मलको व्यवस्थापन गरिसकेको किसानले समयमा सिँचाइ नपाउँदा त्यसको असर वर्षाको तथ्याङ्कमा मात्र सीमित हुँदैन, यसले उसको समय, आम्दानी, उत्पादन र परिवारको जीविकामा असर पार्छ ।"

उहाँले पहाडी क्षेत्रमा पानीका मुहान सुक्दै जाँदा स्थानीय समुदायले पानीका लागि थप समय र श्रम खर्च गर्नुपर्ने तथा नदीको बहाव घट्दा जलविद्युत् उत्पादनमा प्रत्यक्ष असर परी ऊर्जा सुरक्षामा चुनौती थपिने सक्ने जोखिम रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"एल निनो मौसमविद्को मात्र विषय होइन, यो विकास, जीविकोपार्जन र अन्ततः मानव जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो।"

नेपाल जलवायु परिवर्तनका दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सचिव दवाडीले मुलुकमा वार्षिक करिब २२५ अर्ब घनमिटर पानी उपलब्ध भए पनि यसको समयगत र स्थानगत वितरण असमान रहेकाले कृषि अझै मनसुनमा निर्भर रहेको जानकारी दिनु । उहाँले नेपालको ऊर्जा प्रणालीमा जलविद्युत्को भूमिका निरन्तर बढ्दै गएको र हिमाल, हिमनदी तथा हिमाली क्षेत्र नदी प्रणाली र जल सुरक्षाका महत्वपूर्ण आधार रहेको उल्लेख गर्नुभयो ।

सचिव दवाडीले नेपालमा विगतका एल निनो वर्षमा वर्षा घट्ने वा बढ्ने दुवै प्रवृत्ति देखिएको उल्लेख गर्दै उहाँले एल निनो देखिँदैमा नेपालमा निश्चित रूपमा कस्तो मौसम हुन्छ भन्ने निर्धारण नहुने बताउनुभयो ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सरजुकुमार वैद्यले एल निनो महासागरमा हुने मौसमी फेरबदल मात्र नभई नेपालको जलस्रोत र अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्नसक्ने जलवायुजन्य जोखिम भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो , "विगतका अध्ययन तथा तथ्याङ्कले एल निनो र नेपालको वर्षाबीच सम्बन्ध देखाएको उल्लेख गर्दै उहाँले एल निनोका धेरै वर्षमा नेपालमा मनसुन कमजोर भई कम वर्षा भएको इतिहास रहेको छ । कमजोर मनसुनका कारण भूमिगत जल पुनर्भरण घट्ने, पहाडी क्षेत्रका मूल तथा धाराहरू सुक्ने तथा बढ्दो तापक्रमका कारण हिमाली क्षेत्रमा हिउँ र हिमनदी पग्लने दर तीव्र हुनसक्छ । "

नेपालको ८० प्रतिशतभन्दा बढी विद्युत् उत्पादन नदीको बहावमा आधारित जलविद्युत् आयोजनामा निर्भर रहेको उल्लेख गर्दै वैद्यले नदीको बहाव घट्दा विद्युत् उत्पादनमा कमी आई राष्ट्रिय विद्युत् प्रणालीको सन्तुलनमा चुनौती आउनसक्ने बताउनुभयो ।

सचिवालयका सहसचिव टिकाराम बरालले सुपर एल निनोको सम्भावित प्रभावलाई सम्बोधन गर्न ठोस कार्ययोजना निर्माणका लागि गोष्ठीले सहयोग पुग्ने बताउनुभयो । उहाँले वैज्ञानिक पूर्वानुमान, जोखिम मूल्याङ्कन र सम्बन्धित क्षेत्रका कार्यान्वयन निकायबीचको समन्वयलाई प्रभावकारी बनाएर पूर्वतयारीका काम अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।


गोष्ठीमा सुपर एल निनोका कारण नेपालमा पानी, खाद्य, ऊर्जा तथा विपद् व्यवस्थापनका क्षेत्रमा पर्नसक्ने सम्भावित प्रभाव, जोखिम न्यूनीकरणका उपाय, पूर्वानुमानको प्रयोग तथा संस्थागत समन्वयका विषयमा छलफल भएको थियो ।

**'एल निनो बलियो हुँदै जाँदा कम वर्षाको सम्भावना बढ्छ : जल तथा मौसम विज्ञान विभाग**

जल तथा मौसम विज्ञान विभागले एल निनोको अवस्था कमजोरदेखि बलियो हुँदै जाँदा नेपालमा मनसुनका समयमा सामान्यभन्दा कम वर्षा हुने सम्भावना बढ्दै गएको जनाएको छ । रासस

जनकपुर टुडे






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# चौधरीलाई न्याय देउ

बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिकाको वडा नम्बर १ स्थित दसधुरीकी तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको खुलेपछि देशव्यापी विरोध भइरहेको छ । गरिमाको न्यायका लागि देशव्यापी रुपमा प्रदर्शन भइरहेको छ । घटनाको प्रारम्भमा प्रहरीले अनुसन्धानलाई गम्भीरतापूर्वक अगाडि नबढाउँदा अहिले समस्या देखिएको छ । मध्यराति चौधरीलाई बलात्कारपछि हत्या गरिएको खुलेको छ । घटना भएको चार दिन बितिसक्दा पनि प्रहरीले दोषीको यकिन गरी किटान गर्न सकेको छैन । प्रहरीले हालसम्म पाँच जनालाई पक्राउ गरेको जनाएको छ । अनुसन्धान अझै जारी रहेको बताइएको छ । घटनामा संलग्न रहेकाहरुलाई कडा कारबाही हुनुपर्ने माग चौतर्फी भइरहेको छ । शव अस्पतालमा नै राखिएको छ । पीडित परिवारजनले हालसम्म लाशको पोष्टमार्टम गराउन सहमत भएको छैन । प्रहरीले दबाब दिए पनि पीडित परिवारले जाहेरी दिएको छैन । देशको संघीय राजधानी समेत विभिन्न भागमा न्यायका लागि प्रदर्शन भइरहेको छ । दोषीहरुलाई तत्काल पक्राउ गरी मृत्युदण्ड दिन सरकारमाथि दबाब बढेको छ । तर नेपालको कानुन अनुसार जस्तोसुकै अपराध गरे पनि दोषीलाई मृत्युदण्डको सजाय दिन सकिदैन । कानुनी रुपमा मृत्युदण्डको सजाय दिन नसके पनि प्रहरीको कस्टडीबाट भाग्ने प्रयास गर्दा कारबाहीमा ज्यान जान सक्छ । जितपुरस्थित इलाका प्रहरी कार्यालयको इञ्चार्ज रहेका डीएसपीको लापरबाहीले घटना भएको स्थानीयहरुको कथन छ । सरकारले डीएसपीलाई हेडक्वार्टरमा तानिसकेको छ । त्यस लगत्तै प्रहरीले पाँच बुँदे सहमति राजनीतिक दलका प्रतिनिधि र जनप्रतिनिधिहरुलाई राखेर गराए पनि पीडित परिवारले त्यसलाई अस्वीकार गरिसकेको छ । घटनाको दोषीलाई प्रहरीले पक्राउ गरेको दाबी गरेको छ । गृहमन्त्री सुधन गुरुङले शनिबार बिहान सामाजिक सञ्जालमा स्टाटस लेख्दै घटनाप्रति आफू 'अत्यन्त दुःखी र स्तब्ध' भएको बताएका छन् । 'एउटी सानी छोरीमाथि यस्तो अपराध भएको पीडा कुनै परिवारको मात्र होइन, हाम्रो सम्पूर्ण समाजको पीडा हो,' उनले लेखेका छन् । गृहमन्त्री गुरुङका अनुसार घटनाका आरोपितहरू तत्काल पक्राउ परिसकेका छन् र अनुसन्धान जारी छ । प्रारम्भिक चरणमा प्रहरीबाट लापरबाही भएको भन्ने गम्भीर प्रश्न उठेपछि सम्बन्धित प्रहरी अधिकारीमाथि समेत छानबिन तथा कारबाहीको प्रक्रिया अघि बढाइएको उनले खुलाएका छन् । गृहमन्त्रीले आक्रोशित जनसमुदायको माग अनुसार कानुनले मृत्युदण्डको सजाय दिन रोकेको प्रष्ट पारेका छन् । तर घटनाका दोषीहरुलाई सजाय हुनेमा विश्वस्त रहन उनले आग्रह गरेका छन् । दोषीलाई कारवाहीको माग गर्दै बारा जिल्लाको पथलैया सडक खण्डमा ओक्रोशित मानिसहरुले प्रदर्शन गर्दै राजमार्ग अवरुद्ध गरेका छन् । उनीहरुले दोषीहरुलाई मृत्युदण्डको सजाय हुनुपर्ने माग गरिरहेका छन् । गरिमाले न्याय पाउनु पर्छ । सरकारले गरिमा जस्तो अर्को चेलीले ज्यान गुमाउन नपरोस् भने ग्यारेन्टी गर्नुपर्छ ।

# नेपालमा सर्न खोजेको राजनीतिक लाभको धार्मिक पुनरूत्थान



● जयप्रकाश आनन्द

दक्षिण एसियाको आधुनिक राजनीतिक इतिहासलाई सरकार, निर्वाचन र सत्ता परिवर्तनको इतिहासका रूपमा मात्र पढ्न सकिँदैन। यो मूलतः राष्ट्रको चरित्र के हुने, नागरिकताको आधार के हुने र धर्म तथा राज्यबीचको सम्बन्ध कस्तो हुने भन्ने निरन्तर चलिरहेको संघर्षको इतिहास पनि हो ।

सन् १९४७ को स्वतन्त्रतापछि भारत र पाकिस्तानको जन्मसँगै सुरू भएको यो बहस आज नेपालसम्म आइपुग्दा एउटा गम्भीर मोडमा देखिन्छ। नेपालमा अहिलेको धर्मको राजनीतिबारे भने म केही तल चर्चा गर्नेछु ।

स्वतन्त्र भारतले यो बहसमा एउटा असाधारण उत्तर खोजेको थियो। विभाजनको साम्प्रदायिक रक्तपातबाट निस्किएको भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले पहिलो आम निर्वाचनमै साम्प्रदायिकताविरूद्ध निर्णायक संघर्षको आह्वान गरे ।

उनको विश्वास थियो– भारतको शक्ति उसको बहुसंख्यक धर्ममा होइन, उसको विविधतालाई एउटै नागरिक राष्ट्रमा बाँध्ने क्षमतामा छ ।

त्यसैले लोकतन्त्र, संसदीय व्यवस्था, धर्मनिरपेक्षता र बहुलवाद केवल शासनका पद्धति थिएनन्, ती नवभारतको राजनीतिक दर्शनका आधार बने ।

पहिला केही दशकमा भारतीय निर्वाचनको मुख्य बहस राष्ट्र निर्माण, विकास, गरिबी, समाजवाद, सामाजिक न्याय र लोकतान्त्रिक स्थायित्व वरिपरि घुम्यो। तर भारतीय समाजभित्र रहेका धार्मिक, जातीय र सांस्कृतिक पहिचानहरू कहिल्यै हराएका थिएनन्। समयसँगै ती पहिचान पुनः राजनीतिक शक्तिमा रूपान्तरित हुन थाले ।

विशेषतः सन् १९८० र १९९० को दशकपछि हिन्दु अस्मिता, राम जन्मभूमि र धार्मिक राष्ट्रवाद भारतीय चुनावी राजनीतिका प्रभावशाली विषय बने। सन् २०१४ पछि त विकास, कल्याणकारी राज्य, बलियो नेतृत्व, राष्ट्रिय सुरक्षा र हिन्दु सांस्कृतिक राष्ट्रवादलाई एउटै राजनीतिक कथामा जोड्ने नयाँ शक्ति संरचना विकसित भयो ।

यसले भारतीय राजनीतिमा एउटा आधारभूत परिवर्तन गर्‍यो । नेहरूको भारतले मूलतः 'नागरिक को हो' भन्ने प्रश्नको उत्तर संविधान र समान नागरिकतामा खोजेको थियो।

नयाँ राजनीतिक धारले त्यसमा अर्को प्रश्न थप्यो– भारतको सभ्यतागत आत्मा के हो?

यसको जबाफ हिन्दु सांस्कृतिक पहिचानसँग जोडिँदै गयो। यहीँबाट भारतीय राष्ट्रवादको अर्थबारे पुरानो र नयाँ दृष्टिकोणबीचको द्वन्द्व तीव्र भयो।

तर यसको अर्थ भारतीय मतदाता धर्मले मात्र निर्देशित हुन्छन् भन्ने होइन। भारतीय मतदाता अझै पनि बहुआयामिक छन्।

मतदाताले सन् २००४ मा 'शाइनिङ इन्डिया' को विकास-कथालाई अस्वीकार गर्न सक्छन्, सन् २०१४ मा परिवर्तन र विकासको नारामा निर्णायक जनादेश दिन सक्छन्, सन् २०१९ मा राष्ट्रिय सुरक्षा र बलियो नेतृत्वलाई प्राथमिकता दिन सक्छन् र सन् २०२४ मा त्यही शक्तिलाई आफ्नै बहुमतबाट तल झार्न सक्छन्।

तर हिन्दु धार्मिक पहिचान भारतीय राष्ट्रिय राजनीतिको स्थायी र शक्तिशाली तत्व बनिसकेकोमा कुनै शंका छैन।

यही परिवर्तनको क्षेत्रीय अर्थ अझ महत्वपूर्ण छ।

भारत स्वतन्त्र हुँदा उसको सबभन्दा ठूलो शक्ति उसको भूगोल वा जनसंख्या मात्र थिएन, ऊ एउटा राजनीतिक उदाहरण थियो। विशाल, गरिब, बहुभाषिक, बहुधार्मिक र जातीय रूपमा जटिल समाज पनि सार्वभौम मताधिकार, संसदीय लोकतन्त्र र धर्मनिरपेक्ष राज्यका आधारमा चल्न सक्छ भन्ने उदाहरण।

दक्षिण एसियाका लागि यो एउटा प्रकारको आदर्शगत मानक थियो।

भारतका छिमेकीको यात्रा भने त्यति सरल रहेन।

पाकिस्तानका संस्थापक मोहम्मद अली जिन्नाले सन् १९४७ अगस्ट ११ को संविधानसभा सम्बोधनमा नागरिक समानता र धार्मिक स्वतन्त्रताको विचार अघि सारेका थिए। तर पाकिस्तान क्रमशः इस्लामीकरणतर्फ गयो। यसको कारण भारत मात्र थिएन, दुई-राष्ट्र सिद्धान्त, आन्तरिक सत्ता संघर्ष, इस्लामी राजनीतिक शक्तिहरू, सेना-नौकरशाहीको प्रभुत्व र राज्यको वैधताको खोजीले महत्वपूर्ण भूमिका खेले।

भारतमा सफल बहुधार्मिक धर्मनिरपेक्ष लोकतन्त्रको उदाहरण कमजोर हुँदै जानु पाकिस्तानका लागि वैकल्पिक राजनीतिक आदर्शको क्षेत्र साँघुरिँदै जानु पनि थियो।

बंगलादेशको कथा पनि यस्तै विरोधाभासपूर्ण छ। सन् १९७१ मा पाकिस्तानबाट अलग हुँदा बंगबन्धु शेख मुजीबुर रहमानले धर्मनिरपेक्षता, लोकतन्त्र, समाजवाद र बंगाली राष्ट्रवादमा आधारित राज्यको परिकल्पना गरे। समयसँगै बंगलादेशको राजनीतिक संरचनामा इस्लामको स्थान बढ्दै गयो।

म्यानमारमा स्वतन्त्रतापछिको समाजवादी तथा सैन्य राजनीतिको लामो यात्रापछि बौद्ध-बहुसंख्यक राष्ट्रवादले राज्य र समाजमा गहिरो प्रभाव पार्‍यो, विशेषतः मुस्लिम रोहिंग्याप्रतिको असहिष्णुतामा।




*Ai Generated Image.*

श्रीलंकामा सिंहली-बौद्ध राष्ट्रवादले राज्यको राजनीतिक चरित्रलाई प्रभावित गर्‍यो र तमिल तथा पछि मुस्लिम समुदायसँगको सम्बन्धमा गम्भीर तनाव उत्पन्न भयो।

बौद्ध धर्मावलम्बी भुटान पनि यसमा अपवाद रहेन। हजारौं हिन्दु नेपालीहरू त्यहाँबाट पलायन हुनुपर्‍यो।

यी सबै घटनालाई भारतको धार्मिक राजनीतिले उत्पन्न गरेको भन्नु इतिहासको सरलीकरण हुनेछ। प्रत्येक देशका आफ्नै औपनिवेशिक अनुभव, जातीय द्वन्द्व, सत्ता संरचना, राष्ट्रिय पहिचान र आन्तरिक राजनीतिक कारण छन्। तर एउटा व्यापक क्षेत्रीय सत्य भने देखिन्छ– दक्षिण एसियामा धर्म क्रमशः निजी आस्थाबाट राजनीतिक पहिचान र त्यसपछि राष्ट्रवादको स्रोत बन्न पुग्यो।

यसबाट एउटा गम्भीर प्रक्रिया सुरू भयो। एक देशको धार्मिक राष्ट्रवाद अर्को देशको धार्मिक राष्ट्रवादका लागि राजनीतिक तर्क बन्न थाल्यो। भारतमा हिन्दु राष्ट्रवाद बलियो हुँदा पाकिस्तानमा इस्लामी राजनीतिक शक्तिले आफ्नो भाष्य बलियो बनाउन सक्छ– भारत पनि हिन्दु राष्ट्रवादतर्फ गइरहेको छ।

पाकिस्तान वा बंगलादेशमा इस्लामी राजनीति बलियो हुँदा भारतको हिन्दु राष्ट्रवादी शक्तिले त्यसलाई आफ्नो बहुसंख्यक राजनीतिक एकताको औचित्यका रूपमा प्रस्तुत गर्न सक्छ। श्रीलंकाको बौद्ध राष्ट्रवाद र म्यानमारको बौद्ध अतिराष्ट्रवादले पनि यस्तै मनोवैज्ञानिक चक्रलाई बल दिन सक्छ।

यसरी दक्षिण एसियामा पारस्परिक धार्मिक राष्ट्रवादको चक्र निर्माण हुन सक्छ जहाँ एउटा देशको धार्मिक असुरक्षा, अर्को देशको धार्मिक ध्रुवीकरणका लागि प्रमाण बन्छ र त्यसले फेरि पहिलो देशको धार्मिक राजनीतिलाई बलियो बनाउँछ। यस परिप्रेक्ष्यमा भारतको परिवर्तन अझ गम्भीर देखिन्छ। नेहरूको धर्मनिरपेक्ष भारत भारतभित्रको राजनीतिक प्रयोग मात्र थिएन, त्यो दक्षिण एसियाका लागि एउटा नैतिक र आदर्शगत सन्देश पनि थियो–बहुसंख्यक हिन्दु भएको देशले पनि राज्यलाई कुनै धर्मको अधीनमा नराखी लोकतन्त्र सञ्चालन गर्न सक्छ। भारत स्वयं बहुसंख्यकवादी धार्मिक राजनीतितर्फ जति उन्मुख हुन्छ, त्यति नै त्यो क्षेत्रीय उदाहरणको नैतिक शक्ति कमजोर हुन सक्छ। र, यहीँबाट नेपालको कथा सुरू हुन्छ। नेपालले स्वयं हिन्दु राजतन्त्रबाट धर्मनिरपेक्ष, संघीय, लोकतान्त्रिक गणतन्त्रमा ऐतिहासिक संक्रमण गरेको हो। यो परिवर्तन केवल राजसंस्था हटाउने निर्णय थिएन, राज्यको सार्वभौमिकताको स्रोत राजा होइन, नागरिक हुन् भन्ने राजनीतिक पुनर्परिभाषा थियो। धर्मनिरपेक्षता, संघीयता र गणतन्त्र एउटै ऐतिहासिक रूपान्तरणका परस्पर जोडिएका आयाम थिए।

तर आज नेपालमा एउटा असहज राजनीतिक पुनरागमन देखिन्छ। राजतन्त्र र हिन्दु राष्ट्रको पुनर्स्थापनाको माग सार्वजनिक राजनीतिक बहसमा फेरि चर्को हुँदै गएको छ।

अझ महत्त्वपूर्ण कुरा, धर्मनिरपेक्षता, संघीयता र गणतन्त्र स्थापना गर्ने मूलधारका राजनीतिक दल र नेताहरू स्वयं धार्मिक प्रतीक र हिन्दु पहिचानलाई राजनीतिक सम्पर्क तथा मत आकर्षणको साधनका रूपमा प्रयोग गर्न थालेका छन्। नेपाली कांग्रेसभित्रको विवादमा हालै यस तत्त्वको गहिरो प्रवेश अहिले चर्चाको विषय छ। यसलाई धार्मिक आस्था मात्र भनेर बुझ्नु पर्याप्त हुँदैन। जब धर्म राजनीतिक अस्त्र बन्छ, तब त्यसले बिस्तारै राज्यको चरित्रमाथि पनि प्रश्न उठाउँछ। नेपालको संविधानले धर्मनिरपेक्षतालाई धर्मविरोधी अवधारणाका रूपमा परिभाषित गरेको छैन। बरू सनातनदेखि चलिआएको धर्म-संस्कृतिको संरक्षणसँगै सबै धर्मप्रतिको समान स्वतन्त्रता र सम्मानको अवधारणा समेटेको छ। त्यसैले नेपालको वास्तविक बहस 'हिन्दु संस्कृति कि धर्मनिरपेक्षता' होइन। प्रश्न हो– हिन्दु, बौद्ध, किराँत, मुस्लिम, इसाई तथा अन्य सबै धार्मिक-सांस्कृतिक पहिचानलाई सम्मान गर्दै राज्यलाई सबै नागरिकको साझा घर कसरी बनाइराख्ने? यहीँ भारतको बदलिँदो राजनीतिक वातावरणसँग नेपालको सम्बन्ध जोडिन्छ। नेपाल र भारतबीचको खुला सीमा, धर्म-संस्कृति, भाषा, तीर्थ, पारिवारिक र सामाजिक सम्बन्धका कारण भारतमा विकसित हुने राजनीतिक चेतनाले नेपालमा प्रभाव पार्नु स्वाभाविक हो। भारतमा हिन्दु सांस्कृतिक राष्ट्रवादले राज्यसत्ताको भाष्यसँग बलियो सम्बन्ध बनाउँदै जाँदा त्यसको प्रेरणा र वैधताको मनोविज्ञान नेपालमा पनि पुग्न सक्छ। भारतको वर्तमान सत्ताले आफ्नो सांस्कृतिक प्रभावलाई रणनीतिक रूपमा उपयोग गरिरहेको छ भन्ने निष्कर्षका लागि प्रत्येक घटनामा प्रत्यक्ष प्रमाण खोजिनुपर्छ। तर भारतको सभ्यतागत र धार्मिक प्रभावलाई आफ्नो व्यापक राष्ट्रिय राजनीतिक भाष्यसँग जोड्ने प्रवृत्ति अस्वीकार गर्न सकिँदैन । नेपालजस्तो सांस्कृतिक रूपमा निकट देश त्यस प्रभावबाट अछुतो रहँदैन। तर नेपालको सबैभन्दा ठूलो चुनौती बाहिर होइन, भित्रै छ। गणतन्त्रका संस्थापक राजनीतिक शक्तिहरूले नै आफ्नो राजनीतिक कमजोरी पूर्ति गर्न धार्मिक भावनाको सहारा लिन थाले भने बाह्य प्रभावलाई दोष दिएर मात्र समस्या समाधान हुँदैन। एउटा दलले धार्मिक अस्त्र प्रयोग गरेपछि अर्को दल त्यसको प्रतिस्पर्धामा अझ धार्मिक हुन सक्छ।

यसरी राजनीतिक प्रतिस्पर्धाको सीमा नै बदलिन सक्छ। रोजगारी, आर्थिक अवसर, सुशासन, भ्रष्टाचार, सामाजिक न्याय र संघीयताको प्रभावकारिताजस्ता वास्तविक प्रश्नहरू क्रमशः पछाडि पर्न सक्छन्।

त्यसैले नेपालको आजको संकट राजतन्त्र बनाम गणतन्त्रको संकट होइन। यो अझ गहिरो रूपमा नागरिक राष्ट्रवाद बनाम धार्मिक राष्ट्रवाद, बहुलवादी राज्य बनाम बहुसंख्यकवादी राज्य र संवैधानिक सार्वभौमिकता बनाम भावनात्मक ध्रुवीकरणबीचको संघर्ष हो। अझ यसभित्र नेपालमा राजनीतिक अवसरवाद रहेको पनि नकार्न सकिँदैन। नेपालले हिन्दु धर्म र संस्कृतिलाई सम्मान गर्दै पनि धर्मनिरपेक्ष रहन सक्छ। बहुसंख्यक संस्कृतिको गौरव स्वीकार गर्दै पनि अल्पसंख्यकको समान नागरिकता सुरक्षित राख्न सक्छ। संघीयता सुधार्दै प्रभावकारी बनाउन सक्छ। गणतन्त्रलाई केवल राजाको अनुपस्थितिका रूपमा होइन, नागरिक सार्वभौमिकताको वास्तविक अभ्यासका रूपमा स्थापित गर्न सक्छ। यसका लागि धर्मनिरपेक्षताको बचाउ मात्र पर्याप्त छैन। धर्मनिरपेक्ष गणतन्त्रलाई जनताको जीवनमा उपयोगी र विश्वसनीय बनाउनु आवश्यक छ। गणतन्त्रले सुशासन दिन सकेन, संघीयताले सेवा दिन सकेन, दलहरूले आफ्नो आचरण सुधार्न सकेनन् र राज्यले न्याय तथा समानताको अनुभूति दिन सकेन भने धार्मिक तथा राजावादी पुनरूत्थानका लागि राजनीतिक खाली ठाउँ बनिरहनेछ।

त्यो खाली ठाउँ संविधानको व्याख्याले मात्र भरिँदैन– सुशासन, समावेशिता, आर्थिक अवसर र उत्तरदायी राजनीतिक नेतृत्वले मात्र भर्न सक्छ। दक्षिण एसियाको पछिल्लो इतिहासले एउटा गम्भीर शिक्षा दिएको छ–धर्मलाई राजनीतिक वैधताको प्रमुख स्रोत बनाइसकेपछि त्यसलाई केवल धार्मिक क्षेत्रमा सीमित राख्न कठिन हुन्छ। त्यसले नागरिकताको परिभाषा, राष्ट्रियताको अर्थ, अल्पसंख्यकको स्थान र राज्यको चरित्रसमेत बदल्न सक्छ। त्यसैले आजको नेपालको निर्णायक प्रश्न भारतले के गरिरहेको छ भन्ने मात्र होइन। पाकिस्तान, बंगलादेश, श्रीलंका वा म्यानमार कुन दिशामा गइरहेका छन् भन्ने पनि मात्र होइन। प्रश्न, नेपाल आफै कुन दिशामा जान चाहन्छ भन्ने हो। सन् १९५१ को भारतले दक्षिण एसियालाई एउटा सम्भावना देखाएको थियो– धर्मभन्दा माथि नागरिकता, बहुसंख्यकभन्दा माथि संविधान र विविधताभित्र लोकतन्त्र।

आज दक्षिण एसियाको ठूलो हिस्सा उल्टो दिशामा धार्मिक पहिचानलाई राष्ट्रवादको केन्द्र बनाउने प्रतिस्पर्धामा देखिन्छ। नेपाल पनि त्यही हावाबाट प्रभावित हुन थालेको हो भने यसलाई सामान्य सांस्कृतिक पुनरूत्थानका रूपमा मात्र हेर्नु गम्भीर भुल हुनेछ।

किनकि, धर्मको सम्मान र धर्मको राजनीतिकरण एउटै कुरा होइन। राष्ट्रको सांस्कृतिक स्मृति र राज्यको धार्मिक पहिचान एउटै कुरा होइन। बहुसंख्यकको आस्था र बहुसंख्यकको राजनीतिक प्रभुत्व एउटै कुरा होइन।

नेपालको ऐतिहासिक परीक्षा यहीँ छ– आफ्नो सभ्यताको सम्मान गर्दै आधुनिक राज्यको बहुलवादी चरित्र जोगाउने कि धार्मिक ध्रुवीकरणको क्षेत्रीय चक्रमा प्रवेश गर्ने?

अन्ततः, भारतले आफ्नो बाटो बदल्दा दक्षिण एसियाको राजनीतिक वातावरण बदलिन्छ। तर नेपालले आफ्नो बाटो कुन बनाउने भन्ने निर्णय भने नेपाली नागरिककै हातमा छ।

नेपालका नेताहरूले मनन गर्नुपर्छ कि नेपाल छिमेकीको राजनीतिक कथाको प्रतिध्वनि बन्ने होइन, आफ्नो संवैधानिक भविष्यको लेखक बन्न सक्नुपर्छ। यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ ।

# गल्ती छोप्न इतिहासको ढाल ?



● महेश्वर दाहाल

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'सँग जोडिएका स्वकीय सचिव, आफन्त तथा निकट व्यक्तिहरूको सम्पत्तिमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको विषय अहिले सार्वजनिक बहसमा छ । १३ पाने सम्पत्ति विवरण फारम भराइएको र विवरण चित्तबुझ्दो नदेखिएकाले बयानका लागि बोलाउने तयारी भएको समाचार सार्वजनिक भएका छन् ।

नेपालको राजनीतिमा लामो समयदेखि प्रधानमन्त्रीको वरिपरि एउटा अनौपचारिक शक्तिवृत्त बन्दै आयो । प्रधानमन्त्री फेरिए । सरकार फेरिए । समीकरण बदलिए । तर परिवार, आफन्त, स्वकीय सचिव र निकट व्यक्तिको पहुँचको राजनीति धेरै हदसम्म उस्तै रहे । शक्ति केन्द्रसँगको निकटतालाई राजनीतिक योग्यता मानिने भएकाले अवसरका लागि एकथरी मान्छेहरू नजिक पुग्न मरिहत्ते गरिरहे ।

नेपालमा 'को कसको मान्छे हो' भन्ने प्रश्न धेरैपटक 'उसले के गरेको छ' भन्दा ठूलो बनेको छ । यसले विचार, संगठन र राजनीतिक योगदानभन्दा पारिवारिक पहुँच तथा व्यक्तिगत निकटतालाई बलियो बनाउँछ ।

अझ विडम्बना के छ भने पञ्चायती निरंकुशताविरुद्ध संघर्ष गरेका, जेल र यातना भोगेका तथा जनयुद्धको नेतृत्व गरेका नेताहरूको राजनीतिक उत्तराधिकारमा पनि परिवार, पहुँच र सम्पत्तिको प्रश्न उठिरहेको छ ।

केपी शर्मा ओलीले लामो जेलजीवन बिताए । पुष्पकमल दाहालले दसवर्षे जनयुद्धको नेतृत्व गरे । शेरबहादुर देउवा लोकतान्त्रिक आन्दोलनको लामो यात्राबाट आएका नेता हुन् । उनीहरूको राजनीतिक इतिहास आफ्नै ठाउँमा महत्त्वपूर्ण छ । तर इतिहास लामो हुँदैमा वर्तमानका प्रश्न छोटा हुँदैनन् ।

अख्तियारले बयान लिने भनेपछि प्रचण्डकी छोरी गंगा दाहालले आफूहरू 'मृत्युको मुखबाट बाँचेका' भन्ने भावनात्मक अभिव्यक्ति दिएकी छन् । प्रचण्ड भूमिगत राजनीतिक जीवनमा हुँदा उनको परिवारले डर र असुरक्षाको जीवन भोगेको थियो । त्यसलाई अस्वीकार गर्न सकिँदैन । परिवारले भोगेको मानसिक पीडा वास्तविक हुन सक्छ र त्यसको सम्मान हुनुपर्छ । तर, पारिवारिक पीडा र राजनीतिक योगदान एउटै कुरा होइनन् ।

बाबुले गरेको राजनीतिक संघर्ष सन्तानको आफ्नै राजनीतिक योगदानको प्रमाण बन्न सक्दैन । त्यस्तै, परिवारले भोगेको जोखिमलाई आज उठेको सम्पत्तिसम्बन्धी प्रश्नको उत्तर बनाउन मिल्दैन ।

गंगाले भोगेको बाल्यकालको डर एउटा विषय हो । प्रचण्डको जनयुद्धकालीन संघर्ष अर्को विषय हो । जीवन आचार्यसँगको सम्बन्ध र राजनीतिक यात्रा अर्को विषय हो । र, अहिले अकुत सम्पत्ति कहाँबाट आयो भन्ने प्रश्न बिल्कुलै फरक विषय हो । यी प्रश्नलाई एउटै भावनात्मक मालामा उनेर एउटा प्रश्नबाट अर्को प्रश्नमा विषयान्तर गरेर उम्किन मिल्दैन ।

नेपालको राजनीतिमा समस्या के देखिन्छ भने नेताहरू र उनका परिवारहरू हिजोका गौरवपूर्ण इतिहासलाई वर्तमानको ढाल बनाउने गर्छन् । जेल बसेको कुरा सम्झाइन्छ । जनयुद्ध सम्झाइन्छ । लोकतान्त्रिक आन्दोलन सम्झाइन्छ । अनि त्यसपछि वर्तमानमाथि प्रश्न नगर्न आग्रह गरिन्छ । तर लोकतन्त्रमा इतिहास सम्मानित हुन्छ, पवित्र बनाइँदैन । नायकहरू पनि प्रश्नभन्दा माथि हुँदैनन् ।

एउटा कुरा स्थापित हुनुपर्छ, राजनीतिक पहुँच सम्पत्तिको स्रोत बन्न पाउनु हुँदैन । कसैको राजनीतिक परिचय उसको अपारदर्शी वा अकुत सम्पत्तिको हिसाब दबाउने हैसियतको आधार बन्न दिनु हुँदैन ।

नेपालका परम्परागत पार्टीहरूमा केही दशकयता सत्ताको निरन्तरता देखियो । पुराना नेताहरूको पद बदलिन्थ्यो । सरकार बदलिन्थ्यो । तर प्रभावको केन्द्रमा उही अनुहारहरू घुमिरहन्थे । नयाँ पुस्ता राजनीतिमा आउँदा पनि पुरानो पुस्ताले परिवार, आफन्त र विश्वासपात्रको घेरा कायम राखिरहेकै छन् । यसले राजनीतिक दललाई संस्थागत होइन, व्यक्तिको वरिपरि घुम्ने संरचना बनाइएको छ ।

शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल र माधव नेपालजस्ता लामो समयदेखि राष्ट्रिय राजनीतिका निर्णायक पात्र रहेका नेताहरूलाई अब एउटा प्रश्न सोध्नुपर्ने बेला आएको छ, उनीहरूले आफ्नो राजनीतिक विरासत कसरी हस्तान्तरण गर्दै छन् ? विचार र संगठनको रूपमा कि परिवार, पहुँच र व्यक्तिगत प्रभावको रूपमा ? कि मसानघाटमा पुग्ने बेला, घ्यार्घ्यार्र हुँदासम्म आफै पदमा बसिरहने हो ?

जुवाखालमा सबैभन्दा खतरनाक अवस्था त्यो हो, जब हारिसकेको जुवाडे टेबलबाट उठ्न मान्दैन । ऊ हारेको पैसा उठाउन फेरि दाउ लगाउँछ । फेरि हार्छ । त्यसपछि बाँकी रहेको सबै कुरा पनि दाउमा राख्छ । लामो समय सत्ताको केन्द्रमा रहेका नेताहरूको मनोदशालाई यही प्रतीकबाट पढ्न सकिन्छ । सत्ता गुमेपछि फेरि सत्ता प्राप्त गर्ने, सत्ता पाएपछि फेरि त्यसलाई जोगाउने र त्यसका लागि अन्तिम क्षणसम्म राजनीतिक दाउ लगाइरहने प्रवृत्ति अब निजी महत्त्वाकांक्षा मात्र रहेन । यसले देश, राजनीतिक संस्था र जनताको विश्वासलाई समेत जोखिममा पार्यो । त्यसैले अहिलेको बहस कुनै एउटा व्यक्ति, परिवार वा दलको मात्र होइन । बहस यो हो, नेपालमा अब राजनीतिक इतिहासको नाममा वर्तमानको अपारदर्शी हिसाबमा छुट गर्न मिल्छ कि मिल्दैन ?

उत्तर स्पष्ट छ, मिल्दै मिल्दैन ।

त्यागको प्रमाणपत्रले अकुत सम्पत्तिको हिसाब मेट्दैन । जेलजीवनले आजको निर्णयलाई पवित्र बनाउँदैन । जनयुद्धले वर्तमानको सम्पत्तिको स्रोत प्रमाणित गर्दैन । पारिवारिक पीडाले सार्वजनिक जवाफदेहिताको प्रश्न समाप्त गर्दैन । आखिरमा लोकतन्त्रले कागज, प्रमाण र जवाफ माग्छ ।

कसैको इतिहास ठूलो हुन सक्छ । नेता शक्तिशाली हुन सक्छन् । परिवार प्रभावशाली हुन सक्छ । तर सार्वजनिक पद र राज्यशक्ति कसैको निजी सम्पत्ति होइन ।

अब नेपालको राजनीतिले यही सत्य स्वीकार गर्नुपर्छ, पुरानो संघर्षको सम्मान गरौँ तर त्यसलाई वर्तमानको हिसाब लुकाउने पर्दा नबनाऔँ !

# सर्वोच्चबाट फिर्ता लगेको रिट सोमबार दर्ता गर्ने देउवा पक्षको तयारी



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूह आन्तरिक छलफलमा जुटेका छन् । हिजो १५औँ महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट पऱ्याएको भएपनि अन्तिम समयमा फिर्ता लगेको थियो ।

सर्वोच्च अदालतमा पेस गरेको रिट निवेदनलाई सच्याउने भन्दै हिजो फिर्ता लगेको थियो। फिर्ता लगेको रिटबारे कानून व्यवसायीले थप तयारी गरिरहेको नेता एनपी साउदले बताए ।

उनले भने, 'हिजो तयारी नपुगेकाले कानून व्यवसायी साथीले फिर्ता ल्याउनुभएको हो। त्यसलाई सच्चाएर सोमबार दर्ता गर्ने तयारी हुँदै छ ।'

उनले सोमबार रिट दर्ता हुने दाबी गरे । त्यसो त हिजो देउवासँगै तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काको पनि रिट सर्वोच्च पुगेको देउवा पक्षका नेताहरूले दाबी गरेका थिए ।

तर साँझ खड्काले आफूले रिट नलगेको प्रष्टीकरण दिए। उनले भनेका छन्, 'मेरो तर्फबाट आज सर्वोच्च अदालतमा कुनै रिट दर्ताको लागि नगएको कुरा म सबैमा प्रस्ट पार्न चाहन्छु ।'

सर्वोच्चले पुनरावलोकनको निस्सा समेत प्राप्त भई सकेको अवस्थामा विशेष महाधिवेशनको नामबाट बनेको केन्द्रीय कार्यसमितिले १५ औ महाधिवेशनको प्रक्रिया अगाडि बढाउन नसक्ने उनको भनाइ छ ।

खड्काले भनेका छन्, 'हालै गरेको निर्णय पार्टीको सम्पूर्ण एकताको अहिलेको ऐतिहासिक आवश्यकता र सर्वोच्च अदालतको पुनरावलोकन गर्ने आदेश दुवैको सरासर विपरीत छ भन्ने हाम्रो ठम्याई छ ।'

अदालतले पुनरावलोकनबाट मुद्दाको अन्तिम किनारा नलगाउँदासम्म महाधिवेशनको सबै प्रक्रिया रोकी पाउँ भनी कानूनी प्रबन्ध बमोजिम रोक्काको लागि निवेदन लिएर जाने विषयमा कानून व्यवसायीहरूसँग गम्भीर परामर्शमा रहेको बताएका छन्। उनले चाँडै नै रिट निवेदन सर्वोच्च अदालतमा जाने जानकारी गराएका छन् ।

यसअघि सँगै निवेदन लिएर जाने गरेको भएपनि राष्ट्रिय भेलापछि खड्का असन्तुष्ट छन् । भेलाले खड्कालाई पन्छाएर शशाङ्क कोइरालाले संयोजकको रूपमा अघि सारेको थियो । खड्कानिकट एक नेताले सर्वोच्चमा रिट लानेबारे परामर्श भइरहेको बताए । पार्टी एकताबद्ध गरेर जानुपर्नेमा खड्काको जोड छ । तर नेता साउदले खड्काले पनि सोमबार नै दर्ता गर्ने तयारी गरिरहेको आफूहरूले सुनेको बताए ।

उनले भने, 'पूर्ण दाइले पनि सोमबार नै रिट लाने सुनेका छौँ। लैजानुहुन्छ होला ।' शनिबार मात्रै कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टीको विवाद अदालतको ढोकाबाट नभई सानेपाको कोठामा समाधान गर्नुपर्नेमा जोड दिएका छन्। उनले संवादमा आउन आग्रह गरे ।

उनले थपे, 'असोजको महिनामा महाधिवेशन हुँदै छ। कसलाई आएर सभापति बन्न चाहनुहुन्छ, को आएर उपसभापति, महामन्त्री बन्न चाहनुहुन्छ, सबैलाई ढोका खुला छ। हामी त्यही कुराको लागि अपिल पनि गर्न चाहन्छौँ ।'

उनीहरूले असोजमा महाधिवेशन गर्ने गरी पार्टीले अघि बढाएको कार्यतालिका रोक्न माग गरेका छन् ।

आधिकारिता विवादमा पुनः सुनुवाइ गर्न सर्वोच्चले निस्सासमेत दिइसकेको अवस्थामा त्यसको टुङ्गो नलाग्दासम्म महाधिवेशनसम्बन्धी काम अघि नबढाउन नमिल्ने देउवा पक्षको तर्क छ ।

असोज १६-१९ मा महाधिवेशन गर्ने गरी कांग्रेसले कार्यतालिका सार्वजनिक गरेको छ । इतर पक्षको भेलाले गगन थापालाई सभापति अस्वीकार गर्दै देउवाकै नेतृत्वमा महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

# सरकार र नागरिक बचाउ महाअभियानबीच १४ बुँदे सहमति

काठमाण्डु । नेपाल सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाभियान नेपालबीच १४ बुंदे सहमति भएको छ । सहमति भएसँगै महाभियानले आयोजना गर्दै आएका धर्ना तथा आन्दोलनका सम्पूर्ण कार्यक्रम शनिबारदेखिअन्त्यगर्नेनिर्णयभएका छन् । काठमाण्डु उपत्यका प्रवेश गरी ललितपुरको पुल्चोकमा धर्नामा रहेका महाभियानका प्रतिनिधि र सरकारद्वारा गठित वार्ता टोलीबीच भएको गहन छलफलपछि उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको जनाइएको छ ।

सरकारका तर्फबाट वार्ता टोली संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव लिलाधर सुवेदी र महाभियानका तर्फबाट वार्ता समिति संयोजक विष्णु बोहोरा क्षेत्रीले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सहमतिपत्रमा कालोसूचीमा परेका ऋणीहरूको बैंक खातामा रहेको सामाजिक सुरक्षा भत्ता, औषधोपचार खर्च रकम, निवृत्तिभरण रकम र तलब खाता सञ्चालनमा बैंक तथा वित्तीय संस्थाले रोक लगाउन नपाउने व्यवस्था गर्ने, लघुवित्त संस्थाको कालोसूची र धितो लिलामसम्बन्धी विद्यमान व्यवस्थामा नेपाल राष्ट्र बैंकले पुनरावलोकन गर्ने तथा कर्जा मिनाहसम्बन्धी मागका विषयमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरी उपयुक्त कार्यान्वयनयोग्य विकल्प तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने उल्लेख छ ।



साथै परिस्थितिजन्य कारणले कर्जाको साँवा तथा ब्याज नियमित गर्न नसकेका बैंक तथा वित्तीय संस्थाका ऋणीको हकमा कर्जा पुनर्तालिकीकरण गर्नेसम्बन्धी व्यवस्था थप गरी कार्यान्वयन गर्ने गराउने, लघुवित्त संस्थाले ऋण प्रवाह गर्दा धितोस्वरूप अग्रिम चेक लिने, खाली कागजमा तमसुक गराउनेलगायतका कार्यलाई नियमित निगरानी गरी त्यस्ता कार्य पूर्णरूपमा बन्देज गरिनेछ ।

साथै बैंक तथा वित्तीय संस्थासम्बन्धी समस्या र गुनासोको प्रभावकारी व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकमा अनलाइन प्रणाली एवं टोल फ्री हटलाइनको व्यवस्था गर्ने र सोको प्रभावकारिताको नियमित अनुगमन गर्ने, बचत खातामा रहेको रकमबाट सम्बन्धित ऋणीको ऋण समायोजन गर्दा सोको विवरणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिने तथा अनिवार्य बचत खातामा रहेको रकमबाहेक अन्य खातामा रहेको बचत रकम सम्बन्धित सदस्यले माग गरेमा अनिवार्य उपलब्ध गराउने व्यवस्था गरी सोको प्रभावकारी अनुगमन गर्ने सहमतिमा उल्लेख गरिएको छ ।

त्यसैगरी सहमतिअनुसार लघुवित्त संस्थाका सदस्य, ऋणी र कर्मचारीसँग सम्बन्धित समस्या निराकरणका लागि आवश्यक अध्ययन गरी सुझाव दिन अर्थ मन्त्रालयले स्वतन्त्र विज्ञ सम्मिलित लघुवित्त संस्थाका समस्या समाधानसम्बन्धी उच्चस्तरीय समिति गठन गर्ने, साथै उक्त समितिले अध्ययन गर्दा पीडित ऋणी सदस्य तथा सरोकारवालाहरूसँग छलफल गरिनेछ ।

त्यसैगरी, ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड, गाली बेइज्जती, दुर्व्यवहारलगायतका गैरकानुनी कार्यहरू गरेमा त्यस्ता कार्यउपर पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिनेछ । त्यसैगरी धितो लिलाम एवं पञ्चकृत मूल्याङ्कनसम्बन्धी प्रक्रियालाई पारदर्शी बनाउन धितो लिलामको सूचना निकाल्नुपूर्व अनिवार्य रूपमा ऋणीलाई जानकारी दिने व्यवस्था गर्नेगरी कानुनी एवं प्रक्रियागत सुधार गर्ने, धितो लिलाम गरी सम्पूर्ण लेना रकम असुलउपर भइसकेपछि ऋण राफसाफ हुने र कालोसूचीबाट हटाउने व्यवस्था गर्न कानुनी सुधारलगायतका आवश्यक व्यवस्था मिलाउने सम्झौता भएको छ ।

> सहमतिपत्रमा ऋण असुली न्यायाधिकरणमा ऋणीले पुनरावेदन गर्न लाग्ने धरौटी तथा शुल्क रकम पुनरावलोकन गर्ने सोसम्बन्धी कानुनमा आवश्यक संशोधन गर्ने, ऋण प्रवाह तथा ऋण असुली गर्ने क्रममा धितोको मूल्याङ्कन गर्दा देखिएका समस्या समाधानका लागि विद्यमान नीतिगत व्यवस्थामा सुधार गर्ने उल्लेख छ ।

सहमतिपत्रमा ऋण असुली न्यायाधिकरणमा ऋणीले पुनरावेदन गर्न लाग्ने धरौटी तथा शुल्क रकम पुनरावलोकन गर्ने सोसम्बन्धी कानुनमा आवश्यक संशोधन गर्ने, ऋण प्रवाह तथा ऋण असुली गर्ने क्रममा धितोको मूल्याङ्कन गर्दा देखिएका समस्या समाधानका लागि विद्यमान नीतिगत व्यवस्थामा सुधार गर्ने उल्लेख छ ।

सहमति अनुसार विस्थापनमा परेका तथा लगत लिन छुट भएका वास्तविक सुकुमवासीको पहिचान गरी निजहरूको स्थायी बसोबासको व्यवस्था लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहसँगको समन्वयमा यथाशीघ्र प्रभावकारी व्यवस्थापन गर्ने र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालको धर्ना तथा आन्दोलनका कार्यक्रम आजैदेखि अन्त्य गर्ने उल्लेख छ । रासस

# नागरिकको सन्तुष्टि बढाउन सरकारले लागू गऱ्यो ३ देखि ३० दिनको कार्ययोजना

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाई एक महिनाभित्र नागरिकको सन्तुष्टि अभिवृद्धि गर्ने घोषणा गरेको छ ।

यसका लागि 'सार्वजनिक सेवा तत्काल सुधार कार्ययोजना, २०८३' लागू गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले स्वीकृत गरेको उक्त कार्ययोजनालाई देशभरका सबै मन्त्रालय, सचिवालय, विभाग, प्रदेश र स्थानीय तहसम्म तत्काल कार्यान्वयन गर्न शुक्रबार पत्राचार गरिएको जानकारी सचिवालयले दिएको छ ।

कार्ययोजना अनुसार सरकारले अतिरिक्त बजेट वा ठूला भौतिक संरचना निर्माणबिना नै हाल उपलब्ध जनशक्ति, कार्यशैली र सूचना प्रणालीलाई पुनः व्यवस्थित गरी आगामी ३० दिनभित्र सुधारको परिणाम नागरिकमाझ पुऱ्याउने लक्ष्य राखेको छ ।

पहिलो ३ दिनभित्र सरकारी कार्यालयहरूले मुख्य १० सेवा समस्याका साथै भिड हुने समय र दोहोरिने कागजातको पहिचान, समाधानका लागि जिम्मेवारी निर्धारण र पुराना सूचना बोर्ड प्रतिस्थापनको काम गर्नुपर्नेछ।

त्यसपछि ४ देखि ७ दिनभित्र शीघ्र समाधानका उपाय कार्यान्वयन गर्दै सेवामा तत्काल देखिने गरी सुधार ल्याउनुपर्ने, टोकन प्रणाली व्यवस्थापन, १५ मिनेट दैनिक कामको समीक्षा र प्राथमिकताबारे छलफल गर्नुपर्ने तथा दोस्रो साताभित्र तीनवटा प्रमुख सेवाहरूमा सरलीकरण भएको हुनुपर्नेछ ।



त्यस्तै, तेस्रो सातासम्म अनुगमन र जबाफदेहिता सुदृढ गर्ने, दैनिक पाँच सूचक मापन र पेन्डिङ फाइलहरूको समीक्षा तथा सुधार मापन गर्ने र चौथो सातासम्म सफल अभ्यासहरूको स्थायीकरण र विस्तार गर्नुपर्नेछ ।

यसबाट सरकारी कार्यालयमा औसत प्रतीक्षा समय, कागजातका कारण फर्किने सेवाग्राहीको संख्या र एउटै सेवा लिन धाइराख्नुपर्ने समस्या घटाउने सरकारको योजना छ ।

यस सुधार कार्ययोजनामार्फत विशेषगरी जिल्ला प्रशासन, यातायात कार्यालय, मालपोत, राहदानी विभाग, टेलिकम, परीक्षा नियन्त्रण कार्यालय, खानेपानी तथा सार्वजनिक यातायात जस्ता नागरिकको दैनिक भीड हुने मुख्य सेवा केन्द्रहरूमा तत्कालै सुधार अनुभूत हुने काम गर्न निर्देशन दिइएको छ ।

सेवाग्राही मुख्य काउन्टरमा पुग्नुअगावै प्रवेशद्वारमै कागजात पुगे/नपुगेको जाँच गरिने व्यवस्था मिलाउनुपर्नेछ ।

आवश्यक कागजात नपुगेको खण्डमा कर्मचारीले 'के कागजात अपुग छ, किन आवश्यक छ, कहाँबाट ल्याउने र अब कुन काउन्टरमा जाने' भन्ने स्पष्ट विवरण खुलाई एउटै लिखित स्लिप दिनुपर्नेछ ।

त्यस्तै, कार्यालयको प्रवेशद्वारमै कर्मचारी सहितको सहायता कक्ष र लाइनको सट्टा सेवा प्राप्त गर्न लाग्ने अनुमानित समय तालिका सहितको टोकन प्रणाली लागू गर्नुपर्नेछ ।

कार्यालयहरूमा खानेपानी, व्यवस्थित प्रतीक्षालय, सफा शौचालय, मोबाइल चार्जिङ स्थल र प्राथमिक उपचार किटको अनिवार्य व्यवस्था मिलाउनुका साथै प्रत्येक कार्यालयले दैनिक १५ मिनेट गुनासो र पेन्डिङ फाइलहरूको अनिवार्य समीक्षा गरी सेवा सुधारका पाटाहरू पहिल्याउनुपर्नेछ ।

कार्ययोजनाको ३० दिन पूरा भएपछि प्रत्येक कार्यालयले आफ्नो सुधारको विवरण, लागेको खर्च र नागरिक लाभ समेटेर एक पृष्ठको 'सार्वजनिक परिणाम रिपोर्ट' अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्नेछ ।

कार्ययोजना कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने र प्रधानमन्त्री कार्यालयमा नियमित प्रतिवेदन बुझाउने जिम्मेवारी राष्ट्रिय सतर्कता केन्द्रलाई तोकिएको छ ।

# नेकपाको जम्बो कमिटीप्रति पम्फा भुसालको असन्तुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) की नेतृ पम्फा भुसालले पार्टीको जम्बो कमिटीप्रति असन्तुष्टी व्यक्त गरेकी छन् ।

कोशी प्रदेश समितिले शनिबार आयोजित पार्टी एकता तथा प्रशिक्षण कार्यक्रममा उनले पदाधिकारी स्तरको ४५ सदस्यीय र केन्द्रीय कमिटी स्तरको २४९९ सदस्यीय रहेको भन्दै यसप्रति असन्तुष्टि जनाएकी छन् ।

एकता र संयोजन प्रक्रियापछि बनेको भए पनि यस्ता जम्बो कमिटीहरूले पार्टीलाई बलियो नबनाउने पनि उनको भनाइ छ ।

'कम्युनिस्ट पार्टीमा हुनुपर्ने खालको संगठनात्मक संरचना छैन। २४९९ केन्द्रीय समितिमा पनि किन परिनँ भन्ने प्रश्न विस्तार भइरहेको छ। यो भनेको कम्युनिस्ट पार्टी बन्ने बाटो चाहिँ होइन,' उनले भनिन् ।

नेता भुसालले एकताका नाममा बनेको भद्दा संगठनमा जनवादको अभ्यास पनि नभएको बताइन्। तल्लो तहसम्म एकता नभएको विषयमा पनि उनले प्रश्न उठाइन् ।



'तलका समिति यति ठूला बनेर गएका छन् जहाँ दोहोरो संवाद करिब करिब हुन्न । कमरेडहरूका मनमा पनि धेरै कुरा छन्, राख्ने कुरा होलान् । दोहोरो संवाद हुने गरेर हाम्रा कमिटी बनेका छैनन् । यस्ता सङ्गठन कम्युनिस्ट पार्टीका हुन्नन्,' उनले भनिन् ।

हिजोको कम्युनिस्ट पार्टी र आजको कम्युनिस्ट पार्टीको संस्कार बदलिएको उनले बताइन् । 'हिजो कम्युनिस्ट हुनु भनेको त्याग गर्नु हुन्थ्यो । कम्युनिस्ट हुनु भनेको आदर्श हुन्थ्यो । कम्युनिस्ट हुनु भनेको निष्ठा हुन्थ्यो । अनि केही कुरा आयो भने भो जिम्मा आयो भने भो अरूलाई दिनुस्, अर्को कमरेडलाई दिनुस्, पटकपटक चाहिँ त्यो प्रकारको हुन्थ्यो। अब अहिले पदप्रति अलि बढी आकांक्षा छ। त्यो माथिदेखि नै देखिन्छ,' उनले भनिन् ।

त्यसकारण पदाधिकारीस्तरको भन्ने कमिटी पनि ४५ जनाको रहेको उनले बताइन्। यसमा तल्ला तहका नेता कार्यकर्ता कसैको पनि दोष नरेहको उनले प्रष्ट पारिन् ।

यी सबै कुराहरू आगामी महाधिवेशनबाट चिरिने उनले बताइन् ।

नेतृ भुसालले भनिन्, ' आगामी मङ्सिरमा गरिने महाधिवेशनको माध्यमबाट चुस्त-दुरुस्तको कम्युनिस्ट पार्टी निर्माण गर्ने एउटा कार्यभारलाई लिएर आएका छौं ।'

# 'हिजो राजतन्त्र मुख्य शत्रु थियो, आज रास्वपा'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता झलनाथ खनालले वर्गीय हिसाबले पनि सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कम्युनिस्टहरूको मुख्य प्रतिद्वन्द्वी बनेको बताएका छन् ।

पार्टीको कोशी प्रदेश समितिले शनिबार आयोजित पार्टी एकता तथा प्रशिक्षण कार्यक्रममा पुँजीपति वर्गको मात्रै प्रतिनिधि भएकाले रास्वपा नेकपाको मुख्य प्रतिद्वन्द्वी रहेको बताए ।

'हिजो राजतन्त्र रहुञ्जेल हामी मुख्य शत्रु नै भन्थ्यौं। अब अहिले यो संसदीय व्यवस्था छ। संसदीय व्यवस्था भएको हुनाले हामीले मुख्य शत्रु भन्नुभन्दा पनि मुख्य प्रतिद्वन्द्वी भन्छौं, हिजो नेपाली कांग्रेस थियो एकबेलामा,' उनले भने । नेता खनालले



रास्वपा दलाल पुँजीपति वर्गको मुख्य प्रतिनिधि भएको आरोप लगाए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेता खनालले भने, 'उसले व्यापक दमन-मर्दन सुरु गरेको छ। उसले लिएको नीति कार्यक्रम तल्लो वर्गका जनताको हितमा एउटा पनि छैन। सबै माथिल्लो वर्गको हितमा छ ।

बजेट ल्यायो, जम्मै माथिल्लो वर्गको हितमा ल्याएको छ ।'

उनले अगाडि भने, 'यी कर भारहरु हेर्नुस्, यति धेरै कर भारहरु अहिले जनतामाथि थोपरिएको छ, त्यो माथिल्लो वर्गको हितमा मात्रै छ । त्यसो हुनाले यतिबेलाको अवस्थामा वर्गीय रुपले यो मुख्य प्रतिद्वन्द्वी शक्तिको रुपमा चाहिँ हाम्रासामु आएको छ ।'

त्यसकारण सबै कम्युनिस्ट शक्तिहरू एकताबद्ध हुनुपर्ने र नयाँ ढंगले समाजवादी क्रान्ति र रूपान्तरणको आन्दोलन अगाडि बढाउनुपर्ने उनले बताए । विगतका कमी कमजोरी सच्याएर अगाडि बढेमा कम्युनिस्ट पार्टीले सफलता हासिल गर्ने उनले बताए ।

# 'आलोचना र निन्दाको फरक छुट्याउन छोडेका छौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगन थापाले अहिले नेता तथा कार्यकर्ताले आलोचना र निन्दाको फरक छुट्याउन छोडेको औंल्याएका छन् ।

ललितपुरको सानेपास्थित शनिबारकांग्रेसकेन्द्रीयकार्यालयमा आयोजित 'हि टोल्ड असः इन स्पिरिट एन्ड स्ट्रगल' संवाद कार्यक्रममा बोल्दै थापाले आलोचना र निन्दा फरक भएको जिकिर गरे । कांग्रेस नेता एवं समाजवादी चिन्तक प्रदीप गिरीको स्मृति दिवसका अवसरमा संवाद कार्यक्रम आयोजना गरिएको छ । सो कार्यक्रममा बोल्दै थापाले भने, ' हामी एउटा एक्स्ट्रिममा पुगेर आलोचना र निन्दाबीचको फरक छुट्याउन छोडेका छौं । एकैचोटि निन्दामा पुग्छौं । अर्को कोणमा फेरि एकैचोटि पूर्ण समर्थनमा पुग्छौं, जहाँ कुनै प्रश्न नै हुँदैन ।'



प्रदीप गिरी यी दुवैभन्दा पर रहेको उनले सुनाए । 'हामीले पार्टी कार्यालयका बैठकहरूमा थुप्रै साथीहरूसँगै काम गऱ्यौं। अरूबारे अनुमान गर्न सकिन्थ्यो- दायाँपट्टि बसेको हो कि बायाँपट्टि, अहिले सभापतिको पक्षमा बोल्छ कि यता बोल्छ भन्ने । तर प्रदीप गिरी बोल्न उठ्दै गर्दा उहाँले के बोल्नुहुन्छ भन्ने अनुमान नै गर्न सकिँदैनथ्यो,' थापाले भने ।

नेता गिरीको चर्चा गर्दै सभापति थापाले गिरीप्रति सबैको एउटा खालको आकर्षण रहेको बताए । सभापति थापाले भने, 'उहाँ भित्रैदेखि बोल्नुहुन्थ्यो, उहाँका आफ्नै निश्चित सिद्धान्तहरू थिए तर उहाँको असहमति निन्दाभन्दा धेरै पर थियो र सधैं गरिने पूर्ण समर्थनभन्दा पनि फरक थियो ।'

# इबोला प्रकोपबीच डीआर कङ्गोमा १६ हजार २५० डोज खोप आइपुग्यो



एएफपी

किन्शासा । इबोलाको प्रकोपबाट प्रभावित डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआर कङ्गो)मा १६ हजार २५० डोज ‘ एर्भेबो’ खोप आइपुगेको छ। देशमा इबोलाको १७औँ प्रकोप तीव्र रूपमा फैलिरहेका बेला शुक्रबार खोपको पहिलो खेप आइपुगेको हो।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार डीआर कङ्गोले जर्मनीमा उत्पादित एर्भेबो खोपको कुल ७० हजार डोज प्राप्त गर्नेछ। तीमध्ये २० हजार डोज चिकित्सकीय परीक्षणका लागि र ५० हजार डोज अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मीलगायतका लागि प्रयोग गरिनेछ।

औषधि कम्पनी मर्कले विकास गरेको एर्भेबो खोप इबोला भाइरसको जायर स्ट्रेनविरुद्ध प्रयोगका लागि स्वीकृत भए पनि हाल डीआर कङ्गोमा फैलिएको बुन्डिबुग्यो स्ट्रेनविरुद्ध यसको प्रभावकारिता प्रमाणित भइसकेको छैन। यद्यपि प्रारम्भिक अध्ययनले यसले उक्त स्ट्रेनविरुद्ध केही सुरक्षा प्रदान गर्न सक्ने देखाएको डब्लुएचओले जनाएको छ।

डीआर कङ्गोका स्वास्थ्यमन्त्री शमूएल रोजर काम्बाले एर्भेबो खोप यसअघि पनि विशेषगरी सन् २०१८-२०२० को इबोला प्रकोपका क्रममा ठूलो मात्रामा प्रयोग गरिएको बताउनुभयो।

डीआर कङ्गोमा मे १५ मा इबोलाको १७औँ प्रकोप घोषणा गरिएको थियो। तर योभन्दा केही साताअघिदेखि नै सङ्क्रमण फैलिन थालेको अनुमान गरिएको छ। देशका उत्तर तथा पूर्वी क्षेत्रहरूमा स्वास्थ्य पूर्वाधारको अभाव र सशस्त्र समूहको गतिविधिका कारण सङ्क्रमण नियन्त्रण चुनौतीपूर्ण बनेको छ।

कङ्गोली अधिकारीका अनुसार हालसम्म पाँच हजार २९० पुष्टि भएका सङ्क्रमितमध्ये दुई हजार ५१६ जनाको मृत्यु भइसकेको छ। संयुक्त राष्ट्रसङ्घका वरिष्ठ इबोला संयोजक जुलियन हार्निसले प्रकोप तीव्र गतिमा फैलिरहेको चेतावनी दिनुभएको छ।

डब्लुएचओका खोप विज्ञहरूले बुन्डिबुग्यो स्ट्रेनविरुद्ध एर्भेबोले सुरक्षा प्रदान गर्छ कि गर्दैन भन्ने यकिन गर्न मानव परीक्षण गर्न सिफारिस गरेका छन्। उक्त स्ट्रेनलाई लक्षित गर्ने अन्य खोपहरू पनि हाल चिकित्सकीय परीक्षणको चरणमा छन्।

पछिल्लो पाँच दशकमा इबोलाका कारण अफ्रिकामा १५ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ।

# स्वेजको विकल्प बन्दै आर्कटिक मार्ग, तर व्यावसायिक चुनौती कायमै

एएफपी

पेरिस खाडी क्षेत्रमा जारी अशान्तिका कारण स्वेज नहर हुँदै हुने जलयातायात प्रभावित भएपछि युरोप र एसियाबीच छोटो दूरीको समुद्री मार्गका रूपमा आर्कटिकको ‘नर्दन सी रुट’ (एनएसआर) प्रति चासो बढेको छ। तर विज्ञहरूले यसको व्यावसायिक सम्भावना निकट भविष्यमा सीमित रहने बताएका छन्।



जलवायु परिवर्तनका कारण आर्कटिक क्षेत्रमा हरेक वर्ष लामो समयसम्म बरफ पग्लिन थालेपछि चीन र दक्षिण कोरियाका कन्टेनर जहाजहरूले आगामी साताहरूमा रुसी जलक्षेत्र हुँदै एनएसआरको सम्भाव्यता परीक्षण गर्ने तयारी गरेका छन्। यद्यपि, उद्योग विज्ञहरूका अनुसार यसले निकट भविष्यमा विश्वव्यापी समुद्री ढुवानीको ठूलो हिस्सा परम्परागत मार्गबाट विस्थापित गर्ने सम्भावना कम छ।

यमनका हुथी विद्रोहीहरूले लाल सागर र बाब अल-मन्देब जलसन्धि क्षेत्रमा व्यापारिक जहाजमाथि आक्रमण गरेपछि धेरै ढुवानी कम्पनीले स्वेज नहरको मार्ग प्रयोग गर्न छाडेका छन्। उनीहरूले अफ्रिकाको दक्षिणी भागस्थित ‘केप अफ गुड होप’ हुँदै जहाज सञ्चालन गर्दा एसिया र युरोपबीचको यात्रा समय, इन्धन खर्च र कार्बन उत्सर्जन बढेको छ।

यसको तुलनामा एनएसआर प्रयोग गर्दा स्वेज नहरको तुलनामा दूरी ३० देखि ४० प्रतिशतसम्म र केप अफ गुड होप हुँदै जाने मार्गको तुलनामा करिब आधा घटाउन सकिने क्रेडिट बीमा समूह ‘कोफेस’ ले जनाएको छ।

तर, फ्रान्सको सेन्ट-नाजेरस्थित हायर इन्स्टिच्युट अफ मेरिटाइम इकोनोमिक्स (आइएसइएमएआर) का निर्देशक पल टुरेटका अनुसार एनएसआर मुख्यतः अगस्टदेखि अक्टोबरसम्म मात्र प्रयोग गर्न सकिन्छ। साथै, बरफमा सञ्चालन गर्न सकिने विशेष ‘आइस-क्लास’ जहाज आवश्यक पर्ने भएकाले लागत पनि बढी हुन्छ।

यसका कारण ठूला कन्टेनर जहाजहरूका लागि यो मार्ग आकर्षक नहुन सक्छ। फ्रान्सेली समुद्री ढुवानी विशेषज्ञ जेरोम डे रिकल्सका अनुसार यसै महिना निङ्बोबाट युरोपतर्फ एनएसआर हुँदै यात्रा सुरु गरेको चिनियाँ कन्टेनर जहाज ‘दुबई टावर’ को क्षमता ठूला कन्टेनर जहाजको तुलनामा करिब एक-दशांश मात्र छ।

एनएसआर हुँदै यात्रा गर्ने अधिकांश कन्टेनर जहाजलाई रुसी आणविक शक्तिबाट सञ्चालित आइसब्रेकरको सहयोग आवश्यक पर्छ। बीमा समूह ‘एलियान्ज कमर्सियल’ का अनुसार सन् २०२५ मा २३ वटा जहाजले उक्त मार्ग प्रयोग गरेका थिए, जुन सन् २०२४ को १५ वटाभन्दा बढी हो।

तर स्वेज नहर हुँदै दैनिक सञ्चालन हुने जहाजको तुलनामा यो सङ्ख्या निकै कम हो। मध्यपूर्वमा द्वन्द्व जारी रहे पनि सन् २०२६ को पहिलो छ महिनामा दैनिक करिब ३५ वटा जहाजले स्वेज नहर पार गरेका थिए। सन् २०२३ मा हुथी आक्रमण सुरु हुनुअघि यो सङ्ख्या दैनिक ५० भन्दा बढी थियो।

‘कोफेस’ का अनुसार पूर्वी एसिया, उत्तरी युरोप र उत्तरी अमेरिकाबीच हुने हालको समुद्री व्यापारको बढीमा तीन दशमलव पाँच प्रतिशत मात्र आर्कटिक मार्गतर्फ सार्न सकिने सम्भावना छ।

कोफेस अध्ययनकी अर्थशास्त्री इभ बारले सन् २०३० सम्म पनि एनएसआरको व्यावसायिक सम्भावना अत्यन्त सीमित रहने र मुख्यतः कच्चा पदार्थको ढुवानीमा केन्द्रित हुने बताउनुभयो।

यद्यपि, तेल तथा तरल प्राकृतिक ग्यास बोक्ने जहाजका लागि यो मार्ग केही हदसम्म आकर्षक हुनसक्ने अध्ययनले देखाएको छ। केही अवस्थामा यस्ता जहाजले ढुवानी लागत ४५ देखि ५० प्रतिशतसम्म घटाउन सक्ने जनाइएको छ। सुक्खा थोक मालवाहक जहाजले पनि आइसब्रेकरको सहयोगमा यो मार्ग प्रयोग गर्न सक्ने सम्भावना छ।

तर आर्कटिक क्षेत्रमा बढ्दो जलयातायातले वातावरणीय जोखिम निम्त्याउने चिन्ता पनि छ। जहाजबाट निस्कने कालो कार्बनले सूर्यको ताप सोस्ने भएकाले बरफ पग्लिने क्रम तीव्र हुनसक्छ। तेल चुहावटको जोखिम पनि उत्तिकै चिन्ताको विषय हो।

फ्रान्सको सीएमए-सीजीएम, स्विट्जरल्यान्डको एमएससी र जर्मनीको हापाग-लोयडलगायत ठूला पश्चिमी ढुवानी कम्पनीले उत्तरी समुद्री मार्ग प्रयोग नगर्ने प्रतिबद्धता जनाइसकेका छन्।

समग्रमा एनएसआरले विश्वव्यापी व्यापारको वर्तमान संरचनामा ठूलो परिवर्तन ल्याउने सम्भावना नरहेको बारले बताउनुभयो। उहाँका अनुसार रूस, चीन र अमेरिकाबीच बढ्दो रणनीतिक प्रतिस्पर्धाका कारण आर्कटिक जलमार्गप्रतिको चासो व्यावसायिकभन्दा राजनीतिक पक्षबाट बढी प्रेरित देखिन्छ।

आइएसइएमएआरका टुरेटले पनि चिनियाँ र दक्षिण कोरियाली जहाजका परीक्षण यात्रालाई सीमित महत्वको घटना भन्दै एउटा चिनियाँ कन्टेनर जहाजको यात्राले ‘ध्रुवीय सिल्क रोड’ निर्माण नहुने टिप्पणी गर्नुभयो।

# युक्रेनमा भएको रूसी आक्रमणमा दुई जनाको मृत्यु

एएफपी

युक्रेन। युक्रेनमा भएको रूसी आक्रमणमा कम्तिमा दुई जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन्। अधिकारीहरुका अनुसार सपिङ सेन्टरमा भएको घातक आक्रमणको एक दिन पछि पुनः आक्रमण भएको हो।

किएभको सैन्य प्रशासनले ब्यालेस्टिक मिसाइलको चेतावनी जारी गरेपछि राजधानीको डार्निट्स्की जिल्लाको गोदाममा आगलागी भएको रिपोर्ट गरेको छ। प्रारम्भिक जानकारीअनुसार, एकजनाको मृत्यु हुनुका साथै धेरै घाइते भएको प्रशासनले जनाएको छ।

क्षेत्रीय सैन्य प्रशासनका प्रमुखका अनुसार दक्षिणी शहर जापोरिझियामा भएको रूसी ड्रोन आक्रमणका कारण एक जनाको मृत्यु हुनुका साथै चार जना घाइते भएका छन्।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको गृहनगर क्रिवी रिहको व्यस्त सपिङ सेन्टरमा दिउँसोको समयमा भएको ड्रोन आक्रमणमा १६ जनासहित शुक्रबार युक्रेनमा भएको शृखलाबद्ध रूसी बम विस्फोटमा कम्तीमा २० जनाको मृत्यु भएको थियो।

क्षेत्रीय सैन्य गभर्नर ओलेक्सान्डर गान्जाका अनुसार रातभरि उद्धार कार्य जारी रहेको थियो भने दुई बच्चासहित नौ जना बेपत्ता भएको रिपोर्ट गरिएको छ।

आक्रमणमा २३ बालबालिका सहित १३० जना घाइते भएको उद्धार तथा राहत सेवाले जनाएको छ।

यस वर्ष अहिलेसम्मको नागरिक मृत्युको सङ्ख्या उच्च स्तरमा पुगेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

युक्रेनी सेनाहरूले ब्यालिस्टिक मिसाइलहरू रोक्न ससङ्घर्ष गरिरहेका समयमा रूसले आफ्नो आक्रमणहरू बढाउँदा किएभले आफ्ना सहयोगीहरूलाई थप समर्थनका लागि बारम्बार अपिल गरेको छ।

# म्यान्मारको गुम्बामा भएको हवाई आक्रमणमा १४ जनाको मृत्यु

एएफपी

याङ्गोन। म्यान्माको बौद्ध गुम्बामा नागरिकहरू भेला भएको समयमा भएको सैन्य हवाई आक्रमणमा १४ जनाको मृत्यु भएको विद्रोही लडाकुहरूले बताएका छन्।

सेनाले सन् २०२१ मा आङ सान सुकीको निर्वाचित सरकारलाई अपदस्थ गरी नोबेल शान्ति पुरस्कार विजेता पक्राउ गरेपछि म्यान्मामा गृहयुद्ध जारी रहेको छ।

विगत पाँच वर्षदेखि सेनाले प्रजातन्त्र समर्थक र जातीय अल्पसङ्ख्यक विद्रोहीहरूको समुहसँग लडिरहेको समयमा विभिन्न पक्षबाट भएका आक्रमणमा एक लाखभन्दा बढी मानिसहरूको मृत्यु भएको अनुमान गरिएको छ।

मानिसहरु प्रार्थनाको लागि भेला भएको अवस्थामा गुम्बालाई लक्षित गरी मध्य सागिङ क्षेत्रको म्याउङ नगरमा बिहान ९:०० बजे गरिएको पछिल्लो हवाई आक्रमणमा ११ जना पुरुष र तीन जना महिलाको मृत्यु भएको जनाइएको छ।

म्यान्माको वर्षाको मौसमसँग लगभग मेल खाने बौद्ध परम्पराको अवसरमा प्रार्थना गर्न वृद्ध मानिसहरू तीन महिनाका लागि उक्त ध्यान केन्द्रमा प्रवेश गरेको समयमा आक्रमण भएको जनाइएको छ। आक्रमणमा मृत्यु भएका मानिसहरु ५० देखि ७० वर्ष उमेर समुहका रहेको जनाइएको छ।



जानकारीका लागि म्यान्माको सेनालाई सम्पर्क गर्न तुरुन्तै सम्भव नभएको जनाइएको छ।

तर दोस्रो स्थानीय विपक्षी लडाकु समुहले सुरक्षाको कारण देखाउँदै नाम उल्लेख नगर्ने सर्तमा मृतक पाँच जना आफ्नै गाउँका रहेको र अन्य नौ जना अन्य गाउँका रहेको उल्लेख गरेको छ।

प्रत्यक्षदर्शीहरूले मानिसहरूलाई बचाउने प्रयास गरिरहेको अवस्थामा पुनः दोस्रो पटक हवाई आक्रमण भएकाले धेरै मानवीय क्षति भएको जनाइएको छ।

म्यानमाको सेनाले विद्रोहीहरूलाई तह लगाउनका लागि आपूर्ति गरिएका चिनियाँ र रूसी जेट विमानहरूको प्रयोग गर्ने गरेको विश्लेषकहरू बताउँछन्। म्यान्माका लागि स्वतन्त्र अनुसन्धान संयन्त्र (आइआइएमएम) का संयुक्त राष्ट्रका अनुसन्धानकर्ताहरूले गत हप्ता सेनालाई नागरिकहरू विरुद्ध अन्धाधुन्ध र जानाजानी हवाई आक्रमण गरेको आरोप लगाउँदै प्रतिवेदन प्रकाशित गरेका थिए।

सार्वजनिक भवनहरू, मठ-मन्दिर, विद्यालयहरूलाई लक्षित गरी आक्रमण गरिरहेको जनाइएको छ।

म्यान्माको सरकारले आइआइएमएमको दाबीलाई म्यान्माको सुरक्षा बलहरूविरुद्ध अप्रमाणित र गलत जानकारीको आधारमा गरिएको एकतर्फी आरोप भनेको छ।

पाँच वर्षको सैनिक शासनपछि, म्यान्माको सेनाले सन् २०२६ को सुरुतिर चुनाव सम्पन्न गरेको थियो।

आइआइएमएमले जारी गरेको प्रतिवेदनमा चुनाव अघिको समयमा हवाई आक्रमणमा उल्लेखनीय वृद्धि भएको जनाएको छ।

प्रजातान्त्रिक विश्लेषकहरुले लोकप्रिय सुकीलाई छोडेर, उहाँको पार्टीलाई आलोचना गर्दै असहमति जनाउनेहरूलाई जेल सजाय दिएर सैन्य शासनलाई पुनः स्थापित गर्ने प्रक्रिया भन्दै मतदानलाई बहिस्कार गरेका थिए।

मतदानको परिणामस्वरूप विद्रोही समुहका नेता मिन आङ ह्लाइङले अप्रिलमा राष्ट्रपतिको पदभार ग्रहण गर्नुभएको थियो।

उहाँले हाल म्यान्माको निर्वाचित सरकारलालाई स्थापित गर्न तथा विदेशमा कूटनीतिक मान्यता प्राप्त गर्न कडा कूटनीतिक पहलको नेतृत्व गरिरहनु भएको छ।

भारत, चीन, लाओस र थाइल्यान्डलगायतका देशहरुले हालै मान्माको भ्रमण गरेर उहाँलाई खुला रूपमा समर्थन गरेका छन् भने अभियानकर्ताहरूले आलोचना गर्दै उनीहरुलाई अनुचित वैधता दिएको गुनासो गरेका छन्।

यस हप्ता, मिन आङ ह्लाइङले रूस र बेलारुसको भ्रमण गर्नुभएको छ भने उनीहरु विद्रोह पछिको म्यान्मा सरकारका दृढ सहयोगीका रुपमा रहेका छन्।

# एल निनो र युद्धको दोहोरो मारमा सुडानको कृषि क्षेत्र

एएफपी

गेदारेफ। सुडानमा नाइल नदीको जलस्तर घटेसँगै किसानहरू सिँचाइका लागि पानी जुटाउन सङ्घर्ष गरिरहेका छन्। यस वर्षको ढिलो र न्यून वर्षाले कृषि उत्पादन प्रभावित भएपछि कतिपय किसान वर्षाका लागि प्रार्थना गर्न बाध्य भएका छन्।

सुडानमा जारी युद्ध, इन्धन तथा मलको बढ्दो मूल्य र कमजोर बजारसँगै अहिले जलवायुजन्य समस्याले कृषि क्षेत्रलाई थप सङ्कटमा पारेको छ। सन् २०२३ अप्रिलदेखि सेना र अर्धसैनिक बलबीच जारी द्वन्द्वले देशको कृषि प्रणालीमा गम्भीर असर पुऱ्याएको छ।

प्रशान्त महासागरमा विकसित भइरहेको ‘एल निनो’ जलवायु प्रणालीका कारण यस वर्ष वर्षामा ढिलाइ भएको र नाइल नदीको जलस्तर घटेको विज्ञहरूले बताएका छन्। संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार सुडानमा यस मौसममा औसतभन्दा कम वर्षा र लामो खडेरीको जोखिम देखिएको छ।



जलवायु तथा जलविज्ञान वैज्ञानिक एल्फातिह एलताहिरका अनुसार एल निनो र नाइल नदीको बहाव घट्नुबीच प्रत्यक्ष सम्बन्ध छ। विशेषगरी दक्षिणपूर्वी सुडान र उत्तरपश्चिमी इथियोपियामा खडेरीको जोखिम बढ्ने गरेको उहाँको अध्ययनले देखाएको छ।

इथियोपियाको ब्लु नाइलमा रहेको ग्रान्ड रेनेसाँ ड्यामको जलाशयमा समेत गत जुलाईको तुलनामा यस वर्षको जुलाईमा पानीको सतह करिब छ मिटर कम रहेको जर्मनीको युनिभर्सिटी अफ टुबिन्जेनको तथ्याङ्कले देखाएको छ। एलताहिरले इथियोपिया, इजिप्ट र सुडानबीच जलाशय व्यवस्थापनमा थप पारदर्शिता र सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

इथियोपिया सीमासँग जोडिएको गेदारेफ राज्यमा ज्वार र तिलका खेतहरूमा वर्षाको अभावको असर देखिएको छ। सामान्यतः हरियाली हुने खेतहरू सुक्खा देखिएपछि किसानहरू वर्षाका लागि प्रार्थना गर्न स्थानीय धर्मगुरुसँग भेला भएका छन्।

कृषिमन्त्री इस्मत कुरेशीले किसानलाई खडेरी सहन सक्ने बाली रोज्न र रोपाइँ केही पछि सार्न सुझाव दिएका छन्।

युद्धका कारण इन्धन र मलको मूल्य बढ्नु तथा बजार कमजोर हुनु कृषि क्षेत्रका थप चुनौती हुन्। सुडानको करिब ६५ प्रतिशत कृषियोग्य जमिन अहिले खेतीबाहिर रहेको बताइएको छ।

अल-जजिरा राज्यका किसान हसन अहमदले दशकौँमा नाइल नदीको जलस्तर यति तल कहिल्यै नदेखेको बताउनुभयो। उहाँका अनुसार पानीको अभाव, बढ्दो लागत र युद्धका कारण कृषि व्यवसाय पुनः सञ्चालन गर्न किसानहरूलाई कठिन भइरहेको छ।

# युरोपका डढेलोले सतहमा ल्याए विश्वयुद्धकालीन विस्फोटक पदार्थ

एपी

एल्सेनबोर्न। यस वर्षको गर्मीयाममा युरोपभर फैलिएका डढेलोले पहिलो र दोस्रो विश्वयुद्धका बेला जमिनमुनि गाडिएका बम तथा बारुदी सुरुङको जोखिम उजागर गरेका छन्। अत्यधिक गर्मीका कारण कतिपय विस्फोटक पदार्थ पड्किएका छन् भने आगो निभाउन खटिएका उद्धारकर्मीसमेत जोखिममा परेका छन्।

फ्रान्स, बेल्जियम, जर्मनी र नेदरल्यान्ड्समा पुराना विस्फोटक पदार्थ विस्फोट भएका घटना सार्वजनिक भएका छन्। नेदरल्यान्ड्सको लिम्बर्ग प्रान्तमा सन् १९४४ मा भीषण युद्ध भएको क्षेत्रमा डढेलोको जोखिम बढेपछि बम निष्क्रिय पार्ने टोली परिचालन गरिएको थियो।

लन्डनस्थित ‘स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिज’की शान्ति तथा द्वन्द्व अध्येता सारा नजेरीले जलवायु परिवर्तनका कारण डढेलो र विस्फोटका घटनाले युरोपको ‘जलवायु सुरक्षा’ कमजोर बनाउँदै लगेको बताउनुभयो। उहाँका अनुसार पहिले स्थिर अवस्थामा रहेका युद्धकालीन विस्फोटक पदार्थ अत्यधिक तापक्रम र डढेलोका कारण पुनः जोखिमपूर्ण अवस्थामा आउन सक्छन्।

यस वर्षको डढेलोको जोखिम जनवरीमा भएको भारी वर्षाका कारण थप बढेको थियो। उक्त वर्षाले वनस्पति वृद्धि गराएपछि गर्मीयाममा ती सुक्खा वनस्पति आगो फैलाउने इन्धन बनेका थिए। ‘वर्ल्ड वेदर एट्रिब्युसन’ समूहको अध्ययनअनुसार उच्च तापक्रम, खडेरी, कम आर्द्रता र तीव्र हावाले आगो फैलिन अनुकूल वातावरण बनाएको थियो।

पूर्वी बेल्जियमको लिएज प्रान्तमा डढेलोका क्रममा केही छिटपुट विस्फोट सुनिएको गभर्नर हर्भे जामारले बताउनुभएको छ। आगो लागेको क्षेत्रमा पुराना हतियार रहेको सम्भावनालाई ध्यानमा राखेर आपत्कालीन टोली परिचालन गरिएको थियो।



दोस्रो विश्वयुद्धका क्रममा बेल्जियमको ‘ हाई फेन्स’ क्षेत्रमा नाजी जर्मनी र मित्रराष्ट्रका सेनाबीच भीषण युद्ध भएको थियो। सो क्षेत्रमा अहिले पनि बम, मोर्टारका गोला र बारुदी सुरुङका अवशेष भेटिने गरेका छन्।

स्थानीय इतिहासकार बर्नार्ड कोलार्डका अनुसार, बेल्जियमले हरेक वर्ष विस्फोटक पदार्थसम्बन्धी हजारौँ सूचना प्राप्त गर्छ। उहाँका अनुसार युद्धका पुराना रणभूमि अहिले जङ्गल, चरन तथा खेतीयोग्य जमिनमा परिणत भए पनि जमिनमुनि विस्फोटक पदार्थ अझै रहेका छन्।

बेल्जियमको विस्फोटक पदार्थ व्यवस्थापन तथा विनाश सेवाले हरेक वर्ष देशभरबाट प्राप्त तीन हजारभन्दा बढी सूचनामा प्रतिक्रिया जनाउँदै दुवै विश्वयुद्धका करिब २०० देखि २५० टन विस्फोटक पदार्थ नष्ट गर्ने गरेको छ।

जलवायु परिवर्तनसँगै खडेरीले पनि पुराना विस्फोटक पदार्थ सतहमा ल्याउने जोखिम बढाएको छ। नदी तथा तालको जलस्तर घट्दा स्लोभाकिया, हङ्गेरी र जर्मनीमा दोस्रो विश्वयुद्धकालीन नौसैनिक माइन तथा बम फेला परेका छन्। एरिजोना विश्वविद्यालयकी अनुसन्धानकर्ता क्रिस्टिना ग्रीनले जलवायु परिवर्तनका कारण

‘युद्धका अवशेष फेरि सतहमा आइरहेको’ बताउनुभयो।

# सात वर्षीय छोरालाई माउन्ट फुजीमा एक्लै छाड्ने बुबाले मागे माफी

एएफपी

टोकियो। जापानमा एक व्यक्तिले आफ्ना सात वर्षीय छोरालाई माउन्ट फुजी आरोहणका क्रममा घण्टौँसम्म एक्लै छाडेपछि प्रहरीले अभिभावकीय लापर्वाहीबारे चेतावनी दिएको छ।

शिजुओका प्रान्तका प्रहरीले बिहीबार माउन्ट फुजीमा ती बालकलाई एक्लै फेला पारेपछि संरक्षणमा लिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

स्थानीय सञ्चारमाध्यम एसबीएस टिभीका अनुसार बालकले आरोहणका क्रममा आफू थाकेको बताएपछि बुबाले उनलाई समुद्री सतहबाट दुई हजार मिटरभन्दा बढी उचाइमा रहेको छैटौँ स्टेशनमा पर्खन भनेका थिए। त्यसपछि बुबा जेठो छोरासँगै आरोहण जारी राखेका थिए।

टिभी असाहीका अनुसार बालकलाई करिब आठ घण्टासम्म खाजा र पेय पदार्थका साथ त्यहीँ पर्खन भनिएको थियो। उनीसँग पैसा भने थिएन। पहाडी विश्रामस्थलका कर्मचारीले बालकलाई एक्लै देखेपछि प्रहरीलाई खबर गरेका थिए।प्रहरीले माउन्ट फुजीको आठौँ स्टेशनमा रहेका बुबालाई सम्पर्क गरी बालकलाई उनको जिम्मा लगाएको जनाएको छ।

प्रहरीका अनुसार बुबाले आफ्नो व्यवहारप्रति माफी माग्दै लापर्वाही भएको स्वीकार गरेका छन्। प्रहरीले बालकलाई एक्लै छाड्नु जोखिमपूर्ण हुने भन्दै अभिभावकलाई सावधानी अपनाउन चेतावनी दिएको छ।

# कोशीमा विद्युत् आपूर्ति सुधार र खपत वृद्धि गर्न मन्त्री श्रेष्ठको जोड

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले कोशी प्रदेशको विद्युत् आपूर्ति प्रणालीलाई थप व्यवस्थित, भरपर्दो र प्रभावकारी बनाउँदै विद्युत् खपत वृद्धि गर्न विशेष ध्यान दिनुपर्ने बताउनुभएको छ।

कोशी प्रदेशको भ्रमणका क्रममा नेपाल विद्युत् प्राधिकरणका प्रादेशिक तथा वितरण कार्यालयका प्रमुख, कर्मचारी, जनप्रतिनिधिलगायत सरोकार भएका निकायका प्रतिनिधिसँग आज छलफल गर्दै उहाँले विद्युत् आपूर्तिमा देखिएका समस्या, स्थानीयवासीका गुनासा र कर्मचारीका समस्या पहिचान गरी तत्काल समाधान गर्न निर्देशन दिनुभएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ।



प्रदेशको विद्युत् वितरण प्रणालीको वर्तमान अवस्था, उपलब्धि र आगामी कार्यदिशाबारे आयोजित अन्तरक्रियामा मन्त्री श्रेष्ठले नागरिकले नियमित, गुणस्तरीय र भरपर्दो विद्युत् सेवा पाउने वातावरण बनाउन प्राधिकरणका कर्मचारीले विगतभन्दा अझ बढी मेहनत गर्नुपर्ने बताउनुभयो । विद्युत् आपूर्तिमा समस्या देखिएलगत्तै समाधान गर्ने र गुनासो प्राप्त भएपछि ढिलाइ नगरी सम्बोधन गर्ने प्रणाली विकास गर्न निर्देशन दिँदै उहाँले समयमै सूचना प्रवाह र प्रभावकारी गुनासो व्यवस्थापनले नागरिकको विश्वास बढाउने बताउनुभयो।

मन्त्री श्रेष्ठले वितरण केन्द्रले स्थानीय आवश्यकता र समस्याका आधारमा अघि सारेका रचनात्मक योजना तथा प्रस्तावलाई प्रादेशिक कार्यालयमार्फत प्रभावकारी रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। योजना, बजेट र पूर्वाधार निर्माणको उपलब्धिभन्दा नागरिकले प्राप्त गरेको सेवाको गुणस्तरलाई कामको वास्तविक मूल्याङ्कनको आधार बनाउनुपर्ने उहाँको भनाइ छ।

सरकारले चालु आर्थिक वर्षमा प्रसारण तथा वितरण प्रणाली सुधारका लागि पर्याप्त बजेट विनियोजन गरेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले बजेट कार्यान्वयनका लागि सुरुदेखि स्पष्ट योजना बनाएर काम अघि बढाउन निर्देशन दिनुभयो। आर्थिक वर्षको अन्त्यमा मात्रै प्रगति खोज्नेभन्दा अहिलेबाटै आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई गति दिनुपर्ने उहाँले बताउनुभएको सचिवालयले जनाएको छ।

औद्योगिक तथा व्यावसायिक गतिविधिका दृष्टिले महत्वपूर्ण कोशी प्रदेशमा विद्युत् खपत बढाउने पर्याप्त सम्भावना रहेकाले उद्योग, व्यवसाय तथा अन्य क्षेत्रमा विद्युत् उपयोग विस्तारका लागि विशेष कार्यक्रम बनाउनुपर्ने ऊर्जामन्त्री श्रेष्ठको भनाइ छ। कोशीमा विद्युत् चुहावट नियन्त्रणमा भएको प्रगतिलाई सकारात्मक उपलब्धिका रूपमा उल्लेख गर्दै उहाँले प्रसारण तथा वितरण पूर्वाधारसँग सम्बन्धित समस्या समाधानका लागि जनप्रतिनिधि र स्थानीय तहसँग सहकार्य बढाउनुपर्ने सुझाव दिनुभयो।

प्राधिकरणमा बजेट तथा कार्यक्रम कार्यान्वयनमा विकेन्द्रीकरणको अभ्यास सुरु गरिएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले प्रादेशिक कार्यालयले प्राप्त अधिकार, जिम्मेवारी र स्रोतको अधिकतम उपयोग गर्नुपर्ने बताउनुभयो। अधिकारसँगै जिम्मेवारी पनि बढेकाले त्यसको परिणाम नागरिकले महसुस गर्ने गरी काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

छलफलमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले वितरण प्रणालीमा लक्षित सुधार गर्न सके दिगो र गुणस्तरीय विद्युत् सेवा प्रवाहमा उल्लेख्य परिणाम हासिल गर्न सकिने बताउनुभयो। चुहावट नियन्त्रणमा कोशी प्रदेशले गरेको सुधारलाई सेवा प्रवाहमा समेत रूपान्तरण गर्नुपर्ने उहाँले बताउनुभयो।

नेपाल विद्युत् प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले नागरिकको अपेक्षा उच्च रहेकाले प्राधिकरणले कार्यसम्पादनको स्तर अझमाथि उठाउनुपर्ने बताउनुभयो । नागरिकले सेवा प्रवाहलाई विद्युत् कटौती र आपूर्तिको नियमितताका आधारमा मूल्याङ्कन गर्ने भएकाले तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर अघि बढ्नुपर्ने उहाँले सुझाव दिनुभयो।

प्राधिकरणका उपकार्यकारी निर्देशक एवं वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख राजन ढकालले वितरण पूर्वाधार विस्तारसँगै नागरिकले प्राप्त गर्ने सेवाको गुणस्तरलाई केन्द्रमा राख्नुपर्ने बताउनुभयो । औद्योगिक तथा घरायसी क्षेत्रमा उच्च विद्युत् खपत गर्ने प्रदेश भए पनि कोशीमा विद्युत् खपत अझै बढाउन सकिने सम्भावना रहेको उहाँले बताउनुभयो।

प्राधिकरणको कोशी प्रादेशिक कार्यालयका प्रमुख कमल आचार्यका अनुसार प्रदेशका १४ जिल्लाका २४ वितरण शाखामार्फत ११ लाख ३७ हजारभन्दा बढी ग्राहकलाई विद्युत् सेवा उपलब्ध गराइएको छ। गत आर्थिक वर्षमा प्रदेशमा दुई हजार ४८ दशमलव ४१ गिगावाट घण्टा विद्युत् बिक्री गरिएकामा रु १९ अर्ब २१ करोड आम्दानी भएको उहाँले जानकारी दिनुभयो। प्रदेशमा विद्युत् चुहावट ११ दशमलव २१ प्रतिशतमा झरेको उहाँले जानकारी दिनुभयो।

कोशी प्रादेशिक कार्यालयअन्तर्गत तीन महत्वपूर्ण सबस्टेसन निर्माणाधीन रहेको बताउँदै प्रमुख आचार्यले मोरङको लेटाङमा पोलमाउन्टेन प्रविधिको सबस्टेसन निर्माण सम्पन्न भएको जानकारी दिनुभयो।

छलफलमा मोरङ र सुनसरीबाट प्रतिनिधित्व गर्ने सांसद दीपक साह, सिर्जना श्रेष्ठ, रुबिना आचार्यलगायतले जनअपेक्षाअनुसार विद्युत् सेवा प्रवाहमा सुधार गर्न सुझाव दिनुभयो । उहाँहरूले स्थानीयस्तरमा देखिएका विद्युत् आपूर्ति तथा पूर्वाधारसम्बन्धी समस्या तत्काल सम्बोधन गर्दै नागरिकलाई सहज, सुलभ, नियमित र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो।

यसैबीच, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री श्रेष्ठले सुनसरी-मोरङ औद्योगिक करिडोरमा विद्युत् आपूर्ति सहज बनाइने बताउनुभएको छ। शुक्रबार इनरुवास्थित ४०० केभी भोक्राहा सबस्टेसनको निरीक्षण गर्दै उहाँले विद्युत् उत्पादनसँगै आन्तरिक खपत कसरी वृद्धि गर्ने भन्ने विषयमा योजनाबद्ध काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

मन्त्री श्रेष्ठले चर्चामा रहेको इनरुवालाई विद्युतको 'हब'का रूपमा विकास गर्न सकिने उल्लेख गर्दै पूर्वी क्षेत्रमा देखिएका विद्युत् समस्या समाधान तथा प्रसारण प्रणालीमा सुधार गरिने जानकारी दिनुभयो । उहाँले विद्युत् निर्यातसँगै देशभित्रै खपत बढाउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

सुनसरी-मोरङ औद्योगिक करिडोरमा विद्युत् आपूर्ति सहज बनाउनुका साथै सुनसरी खोलाबाट हुने बाढीको जोखिम न्यूनीकरण र विद्युत् भारत निर्यातका लागि आवश्यक पूर्वाधार विकासमा समेत सरकारले काम गरिरहेको उहाँको भनाइ छ । भोक्राहा सबस्टेसन तथा सुनसरी खोलाको स्थलगत निरीक्षणका क्रममा उहाँले पूर्वी क्षेत्रमा विद्युत् आपूर्ति, प्रसारण लाइन तथा अन्य विद्युत् पूर्वाधारको अवस्थाबारे जानकारी लिनुभएको थियो।

मन्त्री श्रेष्ठले भन्नुभयो, "विद्युत् आपूर्तिमा देखिएका समस्यालाई प्राथमिकताका आधारमा क्रमशः समाधान गर्दै लगिनुका साथै आवश्यक रणनीति निर्माण गर्नु जरुरी छ। साथै नीतिगत सुधार गर्नुपर्ने भएमा सोका लागि प्रभावकारी रूपमा पहल गर्दै जानेछौँ।"रासस

# गुल्मीमा पर्यटकीय गन्तव्यको नयाँ आकर्षण धुर्कोटको 'ग्रेटवाल'



गुल्मी । गुल्मीको धुर्कोट गाउँपालिकाले ऐतिहासिक धुर्कोटकोट र बुढीकोटलाई जोड्ने गरी ढुङ्गाबाट निर्माण गरेको एक किलोमिटर लामो 'धुर्कोट ग्रेटवाल' पछिल्लो समय जिल्लाको नयाँ पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदै गएको छ । टाढाबाट हेर्दा विश्वप्रसिद्ध ग्रेटवालको झल्को दिने उक्त संरचना हेर्न तथा हिमशृङ्खलाको दृश्यावलोकन गर्न आन्तरिक र बाह्य पर्यटकको आकर्षण बढ्दै गएको हो।

धुर्कोट गाउँपालिका-६ स्थित ऐतिहासिक धुर्कोटकोट र बुढीकोटलाई जोड्ने गरी ढुङ्गाको पर्खाल चिरेर निर्माण गरिएको पैदल मार्गलाई गाउँपालिकाले 'धुर्कोट ग्रेटवाल' नामकरण गरेको हो। उक्त संरचनाबाट चारैतिरका रमणीय दृश्यसँगै माछापुच्छे, अन्नपूर्ण, धौलागिरिलगायत हिमशृङ्खलाहरूको दृश्यावलोकन गर्न सकिन्छ।

विशेषगरी सार्वजनिक बिदाका दिन घुम्न, श्रव्यदृश्य सामग्री बनाउन, तस्बिर लिन, सामाजिक सञ्जालका लागि सामग्री बनाउन र प्राकृतिक दृश्यको आनन्द लिन जिल्लाभित्र तथा बाहिरबाट आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेलले बताउनुभयो । उहाँका अनुसार ग्रेटवाल निर्माण भएपछि यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ। अध्यक्ष पोखरेलले पर्यटकलाई कम्तीमा दुई दिनसम्म धुर्कोटमा बस्ने वातावरण बनाउने उद्देश्यले विभिन्न पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको बताउनुभयो । पैदलमार्ग निर्माण गर्दै जाने क्रममा संरचना ग्रेटवाल जस्तो देखिएपछि यसको नाम 'धुर्कोट ग्रेटवाल' राखिएको उहाँको भनाइ छ।

"धुर्कोटको पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक धुर्कोटकोट तथा सङ्ग्रहालय, विचित्र गुफा, बुढीकोट ग्रेटवाल, सहिद पार्क निर्माण गरी पर्यटकीय क्षेत्रलाई एकीकृत रूपमा विकास गर्ने पालिकको योजना छ। यसले आर्थिक गतिविधि चलायमान बन्नुका साथै रोजगारीका अवसर सिर्जना भई स्थानीयको आयआर्जन बढ्ने अपेक्षा छ", अध्यक्ष पोखरेलले भन्नुभयो।

पालिकाका अनुसार धुर्कोट ग्रेटवाल निर्माणमा गाउँपालिकाको ७० प्रतिशत र सङ्घीय सरकारको ३० प्रतिशत लगानी रहेको छ। कुल रु तीन करोड २३ लाखको लागतमा निर्माण गरिएको उक्त संरचनाबाट पर्यटन प्रवर्द्धनसँगै स्थानीयस्तरमा रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार तथा व्यापारव्यवसायमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

यस क्षेत्रमा ऐतिहासिक धुर्कोटकोटमा विभिन्न पूर्वाधार निर्माण गरिएको छ। रासस

# मौरीको घारमा 'सानो खपटे कीरा'को सङ्क्रमण



नारायणगढ । चितवन र मकवानपुरका व्यावसायिक रूपमा पालन गरिएका मौरीका घारमा विनाशकारी मानिने 'सानो खपटे कीरा' (स्मल हाइभ बिटल) को सङ्क्रमण फैलिएको छ । वर्षायाममा प्राकृतिक आहार (रस र पराग)को कमीले मौरीका गोला कमजोर हुनुका साथै घारभित्र राखिने कृत्रिम पोलनमा कीरा आकर्षित हुने भएकाले यसको सङ्क्रमण बढेको हो।

मौरीपालन विकास केन्द्र भण्डाराका प्रमुख सुजन अङ्गाईंका अनुसार घारमा धेरै समयसम्म पोलन सञ्चय भइरहँदा खपटे कीराले त्यहीँ फूल पारेर लार्भा हुर्काउने भएकाले घारहरूमा यसको सङ्क्रमण फैलिएको छ। उहाँले पूर्वी चितवन र मकवानपुरको हेटौँडा तथा मनहरी क्षेत्रमा व्यावसायिक रूपमा पालिएका 'एपिस मेलिफेरा' विकासे जातका मौरीका घारमा यो समस्या बढी देखिएको जानकारी दिनुभयो।

प्रमुख अङ्गाईंले भन्नुभयो, "यो कीरा निकै विनाशकारी हुन्छ । यसले मौरीले सञ्चय गरेको मह, कुट र मैन सबै नष्ट गरिदिन्छ । जसले किसानको व्यवसायमानकारात्मकअसरपुर्याउने जोखिम रहन्छ। त्यसैले कार्यालयबाट र अन्य प्राविधिकहरूको समन्वयमा किसानको घारमै पुगेर नियन्त्रणका लागि प्रविधिसहित निरन्तर पहल गरिरहेका छौँ ।" निरीक्षण गर्दा घारमा खपटे तथा लार्भा देखिने, चाका लार्भाले बिगारेको, महमा अमिलो गन्ध आउनेलगायत लक्षण देखिने उहाँले जानकारी दिनुभयो।

वर्षायाममा वातावरणमा रस र परागको अभाव हुने भएकाले किसानहरूले मौरीलाई भटमास, चनाको सातु, मल्टिभिटामिन र चिनीको चास्नी मिसाएर कृत्रिम आहार (पोलन) दिने गर्दछन् । यही बेला सानो खपटे कीरा बढी आकर्षित हुने भएकाले थप सावधानी अपनाउनुपर्ने प्रमुख अङ्गाईंको भनाइ छ । उहाँले भन्नुभयो, "सङ्क्रमण बढी भएका घारमा एकैपटक धेरै पोलन राख्दा कीराले त्यसमा फूल पार्ने र लार्भा हुर्काउने जोखिम हुन्छ । त्यसैले मौरीलाई बचाउन पुग्नेगरी थोरै मात्रामा मात्र पोलन दिनुपर्छ । ताकि घारमा धेरै समयसम्म पोलन सञ्चय हुन नपाओस्।"

सानो खपटे कीराको व्यवस्थापनका लागि मौरीको गोला मजबुत र बलियो राख्नु उत्तम विकल्पका रूपमा रहेको प्रमुख अङ्गाईंले बताउनुभयो । उहाँका अनुसार घारको नियमित सरसफाइ र निरीक्षण यसको नियन्त्रणको मुख्य विधि हो । घारभित्र रहेका सङ्क्रमित तथा पुराना चाका र फोहर तुरुन्त हटाउने, मौरीले ओगट्न नसक्ने अनावश्यक खाली चाका वा फ्रेमहरू नराख्ने र वयस्क कीरा वा लार्भाहरू देखिएमा नष्ट गर्नुपर्ने उहाँको सुझाव छ।

त्यसैगरी, खपटे कीराको रोकथामका लागि बेलाबेलामा घारको कुना तथा ढकनी सरसफाइ र निरीक्षण गर्न, घारलाई घाम लाग्ने र सुक्खा ठाउँमा राख्न तथा गुणस्तरीय रानी मौरीको प्रयोग गर्न आग्रह गरिएको छ । खपटे कीराको लार्भा माटोमा गएर प्युपा बन्ने भएकाले घार वरपरको माटो खनजोत गर्ने, 'बिटल ट्र्याप' को प्रयोग गर्ने र एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) पद्धति अपनाउन प्रमुख अङ्गाईंले सुझाव दिनुभयो। रासस

# पर्यटक लोभ्याउँदै राक्सिराङको "जलपरी झरना"

बागमती । मकवानपुरको राक्सिराङ गाउँपालिका-३ गलमटे केराबारीमा रहेको मनमोहक पर्यटकीयस्थल 'जलपरी झरना' यस क्षेत्रको महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको छ । हेटौँडासँगै आसपासका जिल्लाबाट झरना हेर्नका लागि पर्यटकको आगमन बढ्न थालेपछि यस क्षेत्रले पर्यटकीय गन्तव्यका रूपमा चर्चा कमाउन थालेको हो।

हेटौँडाको मुख्य बजारबाट ३० किलोमिटर दूरी र मनहरीबाट करिब १० किलोमिटर दूरी पार गरेपछि जलपरी झरना आउन सकिने राक्सिराङ-३ का वडाध्यक्ष उत्तम वाइबाले जानकारी दिनुभयो । प्रशस्त रूपमा पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परिरहेको यस झरनाको प्रवर्द्धनसँगै यहाँको पूर्वाधार विकासका लागि वडा कार्यालय निरन्तर लागिरहेको उहाँले बताउनुभयो।

झरनासँगै यहाँको चमेरे गुफासमेतलाई समेटेर पर्यटकीय विकासका योजना अघि बढाइएको वडाध्यक्ष वाइबाले बताउनुभयो। "जलपरी झरनाको पर्यटकीय उपयोगलाई लक्षित गरी विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरी यसको संरक्षण र प्रवर्द्धनका लागि २०७४ सालयता निरन्तर प्रयास गरिएको छ", उहाँले भन्नुभयो, "यहाँको पूर्वाधार विकासका लागि प्रदेश तथा पालिकाबाट हालसम्म रु एक करोड २७ लाख बजेट विनियोजन भई विभिन्न काम सम्पन्न भएका छन्।"

झरना परिसरमा वडा कार्यालयका तर्फबाट बुद्धको मूर्ति राखिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत परिसरमा पदमार्ग निर्माणसँगै विभिन्न फूलका बिरुवा रोपिएका छन् । पछिल्ला वर्षमा पर्यटकको बढ्दो आकर्षणलाई दृष्टिगत गरी वनभोजस्थल पनि निर्माण गरिएका जानकारी दिँदै वडाध्यक्ष वाइबाले हाल परिसरमा दुईवटा वनभोजस्थल व्यवस्थित रूपमा रहेको जानकारी दिनुभयो।



"जलपरी झरना परिसरमा घुम्न र वनभोजका लागि आउने सर्वसाधारणको आकर्षण बर्सेनि बढ्दो छ", उहाँले भन्नुभयो, "अत्यावश्यकीय पूर्वाधार विकाससँगै राम्रो प्रवर्द्धन गरिएमा यो हेटौँडाकै एउटा महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास हुने पक्का छ।"

जलपरी झरना र चमेरे गुफालाई पर्यटनसँग जोड्दै तल गाउँमा घरबास सञ्चालन गर्नु अपरिहार्य भएको स्थानीयवासी रामकुमार एलनले बताउनुभयो। "जलपरी झरनालाई पर्यटनसँग जोड्न सकेमा यसले राक्सिराङ गाउँपालिकासँगै मकवानपुरकै पर्यटनमा विशिष्ट योगदान दिने देखिन्छ", उहाँले भन्नुभयो, "१२ महिना नै अटुट रूपमा पानी झरिरहने यो झरनालाई पर्यटकीय उपयोगका लागि स्थानीय सरकारसँगै प्रदेश र सङ्घको संयुक्त सहयोग र सहकार्य अपरिहार्य छ।"

यहाँको पर्यटकीय विकासले ग्रामीण अर्थतन्त्रमा पनि विशिष्ट योगदान पुग्ने उहाँले बताउनुभयो । पछिल्ला समयमा वनभोजका लागि निर्माण गरिएका टहरासँगै पदमार्गलाई व्यवस्थित गरिएका कारण आउने पर्यटकलाई झरनासम्म पुग्न सहज भएको छ।

वडाध्यक्ष वाइबाका अनुसार यहाँको समग्र विकाससँगै व्यवस्थापनमा हरियाली सामुदायिक वनले महत्त्वपूर्ण सहयोग गरिरहेको छ । झरनाभन्दा तल विशेषगरी तामाङ, मगर र चेपाङको बस्ती रहेको जानकारी दिँदै उहाँले ती वस्तीमा घरबास सञ्चालन गर्ने योजना रहेको जानकारी दिनुभयो।

"हामीले घरबास सञ्चालनका लागि स्थानीयवासीलाई अभिप्रेरित गरिहेका छौँ", उहाँले भन्नुभयो, "जलपरी झरना र चमेरो गुफाको विकाससँगै पूर्वाधार निर्माण, प्रचारप्रसार र पर्यटन प्रवर्द्धन गर्दै यहाँ आउने पर्यटकका लागि घरबास सञ्चालन गर्न सकिएमा यसले गाउँमा पर्यटकको चहलपहल पनि बढ्ने, रोजगारीका अवसर सिर्जना भई स्थानीयको आयआर्जन वृद्धि हुने थियो।"

झरना परिसरमा राखिएको बुद्धको मूर्तिसँगै मृगलाई झम्टँदै गरेको बाघको मूर्ति, झरनाको छेउमा राखिएको जलपरीको मूर्तिका साथै तस्बिर खिच्नका लागि बनाइएको आकर्षक स्थान आदिले यहाँ आउने पर्यटकलाई लोभ्याइरहेको छ । पछिल्ला समयमा हेटौँडाका साथै चितवनलगायतका स्थानबाट दिनानुदिन पर्यटकहरू आउने गरेका छन्। विशेषगरी सार्वजनिक बिदाको दिन यहाँ आउने पर्यटकको सङ्ख्या बढी हुन्छ।

बर्दघाटबाट जलपरी झरना घुम्नका लागि आउनुभएका प्रदीप विकले यो झरना तथा यहाँको परिवेशले आफूलाई निकै मोहित बनाएको अनुभव सुनाउनुभयो । चितवनमा आफन्तकामा आउँदा केही समय छुट्याएर आफू झरनामा आइपुगेको बताउँदै उहाँले यसको प्रचारप्रसार गर्न सकिएमा आकर्षक पर्यटकीय गन्तव्य बन्न सक्ने धारणा राख्नुभयो।

झरनामा परिसरमा भेटिनुभएका चितवन भण्डाराका अभिशेक सुनारले आफू दोस्रोपटक यहाँ आएको बताउनुभयो। "केही समय पहिला साथीहरूसँग यहाँ घुम्न आएको थिएँ", उहाँले भन्नुभयो, "झरना तथा यहाँको परिवेश लोभ्याउने खालको छ। दोस्रोपटक आफन्तहरू लिएर घुम्न आएको हुँ।"

जलपरी झरना तथा चमेरो गुफा पार्क क्षेत्रमा पर्यटकको सुविधालाई लक्षित गरी बिजुली बत्तीको लाइन विस्तार गर्न लागिएको छ । झरनाका कारण गाउँमा चहलपहल बढ्दै गएपछि स्थानीयवासीले चिया तथा खाजा पसल थप्ने क्रम पनि बढेको छ । आगामी दिनमा पर्यटकीय चहलपहल बढ्ने देखेर स्थानीयवासी छेकु दोर्जे पाख्रिनले गाउँमा चिया तथा खाजा पसल सञ्चालन सुरु गरेको जानकारी दिनुभयो।रासस


## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. धनुषा गोविन्दपुर वडा नं. ९ हाल धनुषाधाम न.पा. वडा नं. १ मा बस्ने रामजी साह सुडीको नाती पंचु साह सुडीको छोरा तेज प्रताप साहले मेरो काका सरजुग साहु सुडीको नाउँमा लगत कायम रहेको साबिक मौजे तेजनगर अन्तर्गतको जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. तेजनगर वडा नं. ७ख कि.नं. ३५ क्षेत्रफल ०-२-० जग्गा निजकै नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा पुनरावेदन अदालत जनकपुर, धनुषाको २०५९ सालको दे.पुं. १४४६ को अंश दर्ता मुद्दा मिति २०५९/१२/२४ गतेको मिलापत्र आदेश बमोजिम उक्त म निवेदक तेज प्रताप साहको अंशभागमा परेकोले मेरो नाउँमा छुट जग्गा दर्ता दा.खा. नामसारी गरी पाउँ भनी द.नं. २४०२ मिति २०८२/०५/०८ को यस कार्यालयमा माग निवेदन बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता दा.खा. नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुक व्यहोरा |
|---|---|---|---|---|
| तेजनगर | ७'ख' | ३५ | ०-२-० | कैफियत महलः दा.खा. बाकी<br>किसानको व्यहोरा महलः यो जग्गा मेरो बाबु सरजुग साहुको नम्बरी हो। मैले जोतेको छु।<br>ज.ध. महलः पंचु सहु सुडी, पं. ध. गोविन्दपुर बडा न. ९<br>जग्गाबालको महलः रामजीको छोरा सर्जुग साहु सुडी, पं. प्र. गोविन्दपुर बडा नं. ९. सहि गर्ने रामबिलास साहु सुडी |



## भूमि प्रशासन कार्यालय, गौशाला, महोत्तरी

### ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

यसमा जिल्ला सर्लाही साविक हरिपुर्वा गा.वि.स. वडा नं. ४ हाल हरिपूर्वा न.पा. वडा नं. ५ बस्ने बसुदेव रायको बुहारी चुल्हाई रायको पत्नी ना.प्र.नं. १५२६५५४५ जारी मिति २०४४/११/१५ की राजकली देवी यादवनीले मेरो ससुरा बसुदेव रायको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा एकलौटी नामसारी गरी पाउँ भनी द.नं. ५४८ मिति २०८३/०४/२८ को माग निवेदनसाथ सक्कल ज.ध.पूर्जा, चालु आ.व.को तिरो रसिद, हरिपूर्वा न.पा. ५नं. वडा कार्यालयको च.नं. १०९ मिति २०८३/०४/२६ गतेको एकलौटी नामसारी सिफारिस, सोही वडा कार्यालयको च.नं. ११५ मिति २०८३/०४/२८ गतेको हकभोग सिफारिस, सोही वडा कार्यालयको च.नं. ११२ मिति २०८३/०४/२८ गतेको फरक फरक नाम गरेको एउटै व्यक्ति हो भन्ने सिफारिस, नाता प्रमाणित सिफारिस, मृत्यु दर्ता, निवेदकको नागरिकता छायाँप्रति सनाखत, मोट फाँटबाट ज.ध. दर्ता श्रेस्ता/ज.ध. प्रमाण पूर्जामा ज.ध. को नाम वसुदेव राय, बुवा जैराम, वतन पं. हरपुरवा वडा नं. ४ उल्लेख भएको मोठ कायम छ रोक्का छैन कम्प्युटर प्रणालीमा ईन्ट्री छ रोक्का छैन भनी उल्लेख भएको व्यहोरा समेतको आधारमा यस कार्यालयको मिति २०८३/०५/०३ गतेको आदेशानुसार निवेदकले पेश गरेको प्रमाण बमोजिम ज.ध. को बुवा नारायण राय उल्लेख भएको र श्रेस्ता/पूर्वामा जैराम उल्लेख भएको हुदाँ सो सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। तपशिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दाबी बमोजिम नामसारी गर्न तर्फ कानून बमोजिम कारवाही भैजानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गहराईन्छ।

**तपशिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | भेडियाही फुलकाहा | ७ग | २९ | ०-०-१९-० | वसुदेव रायको बुहारी चुल्हाई रायको पत्नी राजकली देवी यादवनीको नाममा एकलौटी नामसारी हुने। |
| महोत्तरी | भेडियाही फुलकाहा | ६क | १५९ | १-१८-०-० | |

# सरकारी सेवा प्रभावकारी बनाउन चार बुँदे निर्णय

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रशासनिक सुधार, संस्थागत सुदृढीकरण तथा सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न चार बुँदे निर्णय गरेको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवको अध्यक्षतामा बसेको बैठकबाट प्रदेश नीति तथा योजना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्दै आयोगको दरबन्दीमा करिब ५५ प्रतिशत कटौती गर्ने निर्णय गरेको हो ।




आयोगको कार्यक्षेत्र, कार्यबोझ तथा संस्थागत आवश्यकताको पुनरावलोकन गरी संगठन संरचना र दरबन्दी घटाउने निर्णय गरिएको सरकारले जनाएको छ। यसबाट प्रदेश सरकारको प्रशासनिक संरचनालाई चुस्त र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

बैठकले प्रदेश सरकारका सचिवहरूको पदस्थापन गर्ने निर्णयसमेत गरेको छ। मन्त्रालयको कार्यबोझ, सचिवहरूको विषयगत अनुभव, कार्यक्षमता, संस्थागत आवश्यकता तथा प्रशासनिक निरन्तरताका आधारमा सचिवहरूको पदस्थापन गरिने जनाइएको छ।

त्यसैगरी, प्रदेश सरकारअन्तर्गत पूर्वाधारसम्बन्धी मन्त्रालय तथा निकायमा कार्यरत इन्जिनियरिङ जनशक्तिको वृत्ति विकास, विशेषज्ञता अभिवृद्धि, पदस्थापन, सरुवा तथा कार्यगत गतिशीलताका विषयमा अध्ययन गर्न तीन सदस्यीय कार्यदल गठन गरिएको छ।

नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएका इन्जिनियरिङ विज्ञको संयोजकत्वमा गठन गरिएको कार्यदलले आवश्यक कानुनी सुधारका विषयसमेत अध्ययन गरी १५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस गर्नेछ।

मन्त्रिपरिषद् बैठकले मधेस प्रदेशसभाकोसातौंअधिवेशनअन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय पनि गरेको छ । नेपालको संविधानबमोजिम प्रदेशसभाको चालु अधिवेशन भदौ ५ गते शुक्रबार राति १२ बजेदेखि अन्त्य गर्न सिफारिस गरिएको हो।

सरकारले पछिल्ला निर्णयमार्फत प्रदेशको प्रशासनिक संरचना पुनरावलोकन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहमा सुधारलाई प्राथमिकतामा राखेको जनाएको छ।

# अर्थमन्त्रालय र आयोगबाट ५८ कर्मचारी हटाइयो

टुडे समाचारदाता

जनकपुरधाम। कर्मचारी आभावमा काम गर्न नसकिरहेको कुरा गर्दै आएका मधेश सरकारले संघीय सरकारको सिको गर्दै वित्तीय अनुशासन र प्रशासनिक सुधारका लागि खर्च कटौती गर्नेमा करार तथा अस्थायी कर्मचारी हटाउन लागेका छन्।

कर्मचारी दरबन्दी घटाउने सम्बन्धी गरिएको पूर्व निर्णय अनुसार कर्मचारी दरबन्दी कटौतीमा तीव्रता दिएका हो । अर्थ मन्त्रालयपछि निती तथा योजना आयोगको कर्मचारी कटौती गरिएको छ । न्यूनतम १५ प्रतिशत कर्मचारी दरबन्दी घटाउने निर्णय अनुरुप शुक्रवार निती तथा योजना आयोगको ६० प्रतिशत कर्मचारी दरबन्दी घटाइएको छ।

निती तथा योजना आयोगमा ४९ वटा कर्मचारी रहेकोमा अब २० वटा कर्मचारी कायम गरिएको निती तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले जानकारी दिएका छन्। यसअघि भदौ ३ गते अर्थमन्त्रालयले ३२ प्रतिशत कर्मचारी दरबन्दी घटाएको थियो।

यस्तै अर्थमन्त्रालय तथा अन्तर्गतका निकायमा ९८ जना कर्मचारी दरबन्दी कायम रहेकोमा ३० प्रतिशत कर्मचारी दरबन्दी घटाउँदै ६९ वटामा कायम गरिएको थियो । मन्त्रालयमा मात्रै ४७ जनामा घटाएर ३२ वटा कर्मचारी दरबन्दी कायम गरिएको मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले जानकारी दिएका छन्। मन्त्रालय मातहतका प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा ४ जना, ७ जना कर्मचारी कायम रहेका इकाई कार्यालय महोत्तरी खारेजसहित लहान, पर्सा र रौतहटमा १/१ जना कर्मचारी हटाइएको समेत जनाइएको छ। हटाइएको कर्मचारीमा राजनीतिक नियुक्ति, करार तथा अस्थायी कर्मचारीहरु रहेका छन्।




संघीय सरकारले करार तथा अस्थायी कर्मचारीहरुलाई हटाएर आउटसोर्सिङबाट काम गर्ने नीति अन्तर्गत हजारौ कर्मचारीलाई हटाएपछि मधेश प्रदेश सरकारले पनि सोही निती अवलम्बन गर्दै करारका कर्मचारीहरुलाई हटाउँदै छन्। करार तथा अस्थायीमा अधिकांश राजनीतिक नजिकता र सिफारिसमा भएका कारण विगत कांग्रेस, एमाले र माओवादी सरकारले नियुक्ति गरेको कर्मचारीहरुलाई हटाउन वर्तमान सघीय सरकारले यस्तो निती ल्याएको आरोप लाग्दै आएको छ।

मधेश सरकारमा पनि यसअधिका सरकारमा रहेका मुख्यमन्त्री र अन्य मन्त्रीहरुले नजिकताका सूचीमा रहेका कर्मचारीहरु रहेको बुझिएको छ । हटाइएको कर्मचारीको पदमा अर्को कर्मचारी नराखे सरकारको इमान्दारिता हुनेछ । सो ठाउँमा अर्को कर्मचारी भर्ना गरे भने आफ्ना मान्छेलाई राख्न तिनीहरुलाई हटाइएको भन्ने आरोप लाग्ने निश्चित छ।

अर्थमन्त्री युवराज भट्टराईले कर्मचारी बढीले भएकाले प्रदेश सरकारको आर्थिक बोझ कम गर्न कर्मचारीको दरबन्दी कटौती गर्ने निती लिनुपरेका बताएका छन् । उनले भने यसबाट प्रदेश सरकारको प्रशासनिक खर्च घट्नुका साथै मन्त्रालयको कामकारबाही थप छरितो र प्रभावकारी हुने सरकारको विश्वास छ।

# शंकास्पद मासुसहित दुई युवक पक्राउ

टुडे समाचारदाता

लहान। करिब ४ किलो शंकास्पद काँचो मासुसहित सिरहामबाट दुई युवक पक्राउ परेका छन्। औरही गाउँपालिका-५ स्थित गागन खोलामा चेकजाँचका क्रममा सशस्त्र प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको जनाइएको छ।

पक्राउ पर्नेमा औरही गाउँपालिका-५ मुस्लिम टोलका २५ वर्षीय मोहतर अलि र २९ वर्षीय मोहमद अफरोज खान रहेका छन्। उनीहरू मधेश प्रदेश ०१-००४ प ९५०६ नम्बरको मोटरसाइकलमा सवार रहेका बेला प्रहरीले शङ्कास्पद मासुसहित पक्राउ गरेको जनाएको छ।

प्रहरीका अनुसार बरामद मासु हेर्दा गाईको मासु जस्तो देखिएको छ। प्रारम्भिक अनुसन्धानमा उक्त मासु भारतबाट ल्याइएको हुनसक्ने आशंका गरिएको छ।

यद्यपि, बरामद मासु कुन जनावरको हो भन्ने विषयमा परीक्षण तथा थप अनुसन्धानपछि मात्रै यकिन हुने प्रहरीले जनाएको छ। पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रमेश पालले जानकारी दिएका छन्।

# युरिया मल तथा खैनीसहित नेपाली नागरिक भारतमा पक्राउ

टुडे समाचादाता

रौतहट। नेपालमा रासायनिक मलको अभाव चर्किरहेका बेला सीमावर्ती नेपाली किसान भारतबाट मल ल्याउन बाध्य भइरहेका छन्। तर, भारतबाट मल ल्याउने क्रममा किसान पक्राउ पर्ने क्रम भने रोकिएको छैन।

पछिल्लो भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले भारतबाट नेपालतर्फ अवैध रूपमा ल्याउँदै गरेको युरिया मल र खैनी सहित दुई नेपाली नागरिकलाई पक्राउ गरेको छ।



भारतको बिहारस्थित पूर्वी चम्पारण जिल्लाको सीमावर्ती क्षेत्रमा एसएसबीको ७१ औँ वाहिनीको टोलीले गरेको कारबाहीका क्रममा ८५५ किलो युरिया मल, ५० किलो खैनी र चारवटा साइकलसहित दुई जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगर क्षेत्रका १८ वर्षीय आदित्य नारायण मुखिया र १९ वर्षीय अमिरखा मुखिया रहेका छन्।

उनीहरूलाई सीमा स्तम्भ नम्बर ३६० बाट करिब २०० मिटर भारततर्फ नियन्त्रणमा लिइएको जनाइएको छ । त्यस्तै, सोही सीमाक्षेत्रको बडहरवा बोर्डरमा एसएसबीले गरेको अर्को कारबाहीमा २४ बोरा युरिया मल, एउटा मोटरसाइकल र चारवटा साइकल बरामद गरेको छ। सुरक्षाकर्मीलाई देखेपछि तस्करहरू सामान छाडेर भाग्न खोजेका थिए। उनीहरूको पिछा गर्ने क्रममा भारतीय नागरिक गोपाल राय पक्राउ परेका छन्।

पक्राउ परेका व्यक्तिहरू तथा बरामद सामग्रीलाई आवश्यक कानुनी कारबाहीका लागि सीमा शुल्क कार्यालय मोतिहारीमा बुझाइएको एसएसबीले जनाएको छ।

सीमावर्ती क्षेत्रमा मललगायत विभिन्न सामग्रीको अवैध ओसार पसारमा भारतीय सुरक्षाकर्मीले निगरानी र चेकजाँचमा थप कडाइ गरेको जनाइएको छ।

यसअघि सर्लाहीका दुई किसान भारतको सीमावर्ती सोनवर्षाबाट र भारतको बिहार स्थित मोतीहारी जिल्ला, आदापुर थाना क्षेत्रबाट एक नेपाली पक्राउ परेका थिए । सर्लाहीका ती दुई किसानलाई ३८ दिनसम्म जेल बस्नु परेको थियो। अन्ततः धरौटीमा छाडिएको हो।

# सुनचाँदी व्यवसायी संघको शपथग्रहण सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । सुनचाँदी व्यवसायी संघ जनकपुरधामको नवनिर्वाचित पदाधिकारीहरुको शपथ ग्रहण तथा पदस्थापन गरिएको छ।

नवनिर्वाचित पदाधिकारीहरुलाई शनिवार एक कार्यक्रमका बीच निर्वाचन समितिका संयोजक मनिषरमण साहले पद तथा गोपनीयताका शपथ ग्रहण गराएका हुन् । शपथ ग्रहणसँगै निवर्तमान पदधिकारीले नवनिर्वाचित पदाधिकारीहरुलाई पद हस्तान्तरण गरेका छन्।



संघको साधारणसभाबाट गठित वरिष्ठ सदस्य, पूर्व पदाधिकारी तथा निर्वाचन समिति सम्मिलित १५ सदस्यीय समितिले राजिव कुमार साह 'चन्दन' को अध्यक्षतामा सर्वसम्मत रूपमा नयाँ कार्यसमिति चयन भएको निर्वाचन समितिका संयोजक मनिष रमण साहले जानकारी दिए।

नवनिर्वाचित कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा संजय कुमार साह, उपाध्यक्षमा श्यामप्रसाद साह, महासचिवमा प्रमोद कुमार साह, सचिवमा दीपक कुमार साह तथा कोषाध्यक्षमा शत्रोहन साह रहेका छन्।

त्यसैगरी कार्यसमिति सदस्यहरूमा प्रविण साह, अलंकार कुमार ठाकुर, श्याम साह, ललन साह, संजय ठाकुर र अंकित साह सर्वसम्मत चयन भएका छन्।

# पालिकाबाटै शुरु भयो लाइसेन्स वितरण



टुडे समाचारदाता

जलेश्वर । सेवाग्राहीको सहजताका लागि महोत्तरीको बर्दिवासस्थित यातायात व्यवस्था कार्यालयले स्थानीय तहमै पुगेर सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरण शुरु गरेको छ।

लाइसेन्स लिनकै लागि बर्दिवास कार्यालयसम्म पुग्नुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले कार्यालयमा छापिएर लामो समयदेखि थन्किएका लाइसेन्स सम्बन्धित पालिकामार्फत वितरण गर्न थालिएको हो।

कार्यालय प्रमुख राकेश यादवका अनुसार सेवाग्राहीलाई आफ्नै गाउँठाउँबाट लाइसेन्स उपलब्ध गराउने उद्देश्यले पालिकासँग समन्वय गरी वितरणको व्यवस्था मिलाइएको हो । कार्यालयमा छापिएर तयार अवस्थामा रहेका लाइसेन्सको स्टक सम्बन्धित पालिकासम्म पुऱ्याइएको र पालिकाले वडा कार्यालयमार्फत सेवाग्राहीलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउनेछन्। यादवले महोत्तरीमा वितरणको काम सम्पन्न भएपछि धनुषा, सर्लाही र सिन्धुली जिल्लामा समेत पालिकामार्फत लाइसेन्स वितरण गर्ने योजना रहेको जानकारी दिए। कार्यालयका अनुसार मनरासिस्वा नगरपालिका बाहेक महोत्तरीका सबै स्थानीय तहमा लाइसेन्स वितरणको काम सम्पन्न भइसकेको छ।

यसबाट लामो समयदेखि कार्यालयमै थन्किएका लाइसेन्स सम्बन्धित सेवाग्राहीको हातसम्म पुग्ने विश्वास गरिएको छ । जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले पालिकामै पुगेर लाइसेन्स वितरण गर्ने व्यवस्थाले स्थानीय सेवाग्राहीलाई प्रत्यक्ष लाभ पुगेको बताए।

लाइसेन्स लिनकै लागि बर्दिवाससम्म पुग्नुपर्ने अवस्थाको अन्त्य हुँदा सेवाग्राहीको समय र यातायात खर्च दुवै बचत हुने उनको भनाइ छ । उनले यातायातसम्बन्धी अन्य सेवासमेत सम्भव भएसम्म स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गर्न आग्रह गर्दै यस्ता कार्यक्रमलाई आगामी दिनमा निरन्तरता दिनुपर्नेमा जोड दिए।

यातायात व्यवस्था कार्यालयले पहिलो चरणमा महोत्तरीमा पालिकामार्फत लाइसेन्स वितरण सुरु गरेको हो । महोत्तरीपछि धनुषा, सर्लाही र सिन्धुलीमा समेत यही प्रक्रियाबाट लाइसेन्स वितरण गर्ने तयारी गरेको जनाइएको छ।

## बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबैं प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणको लागि बालबालिकाको उज्जवल भविष्य सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८